# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बिगु गाँउपालिका, दोलखा

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९
च.नं.: २०९

मितिः २०७८।०५।०४

श्री प्रमुखज्यू,
**बिगु गाँउपालिका,**
गाँउकार्यपालिकाको कार्यालय,
दोलखा ।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः२०७८।०७९
च.नं.ं१९३

मितिः २०७८।५।०४

श्री प्रमूखज्यू,
विगु गाँउपालिका,
दोलखा।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको रायः** हामीले विगु गाँउपालिकाको २०७६।०७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय—व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु. २ करोड ६७ लाख ५८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २३ लाख ६८ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ९१ लाख ८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ५२ लाख ८२ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७८।१।३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना (४७) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायीअधिकारीको जिम्मेवारीः** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । कार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारीः** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायब महालेखापरीक्षक**

# विगु गाँउपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७६।०७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्रन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, ६६३.२ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ४४९ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७६।०७७ को वितिय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ ।

| | | प्राप्ती भुक्तानी हिसाब | | | |
|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु | | | |
| | | बजेट | आफैले गरेको प्राप्ती/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **क.प्राप्ती(क+ख)** | | ४१८,८०३,२७०.०० | ३९५,७०९,१२९.१७ | – | ३९५,७०९,१२९.१७ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ४१७,२१२,६७०.०० | ३८७,३२३,८६६.१७ | – | ३८७,३२३,८६६.१७ |
| ११००० कर | ११ | ११०,३७०,०००.०० | ६०,५९८,२३०.२७ | – | ६०,५९८,२३०.२७ |
| १३००० अनुदान | | २९०,६७५,०००.०० | २९९,६७०,०००.०० | – | २९९,६७०,०००.०० |
| संघिय सरकार | १२ | २५६,८२५,०००.०० | २५५,१८१,०००.०० | – | २५५,१८१,०००.०० |
| प्रदेश सरकार | १२ | ३०,९८९,०००.०० | ४१,९८९,०००.०० | – | ४१,९८९,०००.०० |
| आन्तारीक स्रोत | १२ | २,८६१,०००.०० | २,५००,०००.०० | – | २,५००,०००.०० |
| १४००० अन्य राजस्व | | १६,१६७,६७०.०० | १७,०५५,६३५.९० | – | १७,०५५,६३५.९० |
| ख. अन्य प्राप्ती | | ८१,५९०,६००.०० | ८,३८५,२६३.०० | – | ८,३८५,२६३.०० |
| कोषहरु | | ५,०६०,६००.०० | ५,३८१,७४८.०० | – | ५,३८१,७४८.०० |
| धरौटी | | – | ३,००३,५१५.०० | – | ३,००३,५१५.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ७६,५३०,०००.०० | – | – | – |
| भुक्तानी (ग+घ) | | ५०५,८१६,७८०.०० | ३५२,८१४,९६६.७२ | १००,०००.०० | ३५२,९१४,९६६.७२ |
| ग. भुक्तानी (संचित कोषबाट) | | ४२४,२२६,१८०.०० | ३४६,३९३,५७५.७२ | १००,०००.०० | ३४६,४९३,५७५.७२ |
| २१००० पारिश्रमीक। सुविधा | १८ | १३१,१६९,९३०.०० | १२४,४९६,५६५.०९ | – | १२४,४९६,५६५.०९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ८३,३१७,७७०.०० | ६९,१००,४१२.६३ | १००,०००.०० | ६९,२००,४१२.६३ |
| २५००० सहायता | १८ | १२,२४५,०००.०० | ११,७५३,९१९.०० | – | ११,७५३,९१९.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ५,५२१,०००.०० | ४,५४८,९४३.०० | – | ४,५४८,९४३.०० |
| २८००० अन्य खर्च | १८ | १,३००,०००.०० | ९७३,७७४.०० | – | ९७३,७७४.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१००० गैर वित्तिय सम्पत्ती । पुँजीगत खर्च | १८ | १९०,६७२,४८०.०० | १४५,५१९,९६२.०० | - | १४५,५१९,९६२.०० |
| घ. अन्य भुक्तानी | | ८१,५९०,६००.०० | ६,४२१,३९१.०० | - | ६,४२१,३९१.०० |
| कोषहरु | | ५,०६०,६००.०० | ५,०५८,२९१.०० | - | ५,०५८,२९१.०० |
| धरौटी | | - | १,३६३,१००.०० | - | १,३६३,१००.०० |
| संघिय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ७६,५३०,०००.०० | - | - | - |
| आ.व. २०७६।०७७ अवधी : २०७६।०४।०१-२०७७।०३।३१ ङ यो वर्षको बचत (न्युन) | | (७०१३५१०) | ४२,८९४,१६२.४५ | (१०००००) | ४२,७९४,१६२.४५ |
| च. गतवर्षको जिम्मेवारी रकम ( अ.ल्या) | | | ७,३७३,८९३.६१ | | ७,३७३,८९३.६१ |
| वर्षान्तको बाँकी रकम (ङ+च) | | (७०१३५१०) | ५०,२६८,०५६.०६ | (१०००००) | ५०,१६८,०५६.०६ |
| बैंक तथा नगद बाँकी | २४ | | ५०,१६८,०५६.०६ | | ५०,१६८,०५६.०६ |

गाउँपालिकाले पेश गरेको वित्तीय प्रतिवेदनमा समावेश नभएको अन्य बजेट खर्च शीर्षकहरु निम्नानुसार रहेको छ ।

| **सि.नं.** | **खर्च शीर्षक** | **निकासा रकम** | **खर्च रकम** |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ६३००३००० | ६२३०१६०० |
| २ | राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभाग चालु | १३०२००० | ७५८३७० |
| ३ | राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभाग पूँजीगत | २०६००० | ०० |
| ४ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ५९२५००० | ३९९७५०० |
| ५ | प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | ५९२५००० | ३९९०८८१ |
| ६ | गरीबसंग विश्वेश्वर कार्यक्रम | ७००००० | २१८३२५ |
| ७ | राष्ट्रपति महिला उत्थान कार्यक्रम | १०००० | ०० |
| ८ | पोषण कार्यक्रम | २४००० | ०० |
| | **जम्मा** | **७७०९५०००** | **७१२६६६७६** |

| **दफा** | **भौ.नं., मिति र ब्यहोरा** | **बेरुजू रकम** |
|---|---|---|
| | **फिर्ता दाखिला:** आर्थिक वर्ष २०७६।७७ मा निकासा मध्ये बाँकी रहेको संघिय सशर्त अनुदान तर्फ रु. ११३७७२२७ मिती २०७७।३।३१ मा र र प्रदेश ससर्त अनुदान तर्फको रु १०६५८१३७, मिती २०७७।३।३१ र मिती २०७७।५।१८ मा बिशेष अनुदानको रु ६५०१०१३ मिती २०७७।५।१८ र ८।१४ मा प्रदेश समपुरक अनुदान रु ५०१५६३४ मिती २०७७।५।१८ मा गरी जम्मा रु ३३५५२०११ नेपाल बैंक लिमिटड शाखामा दाखिला भएको छ ।<br>साथै सामाजिक सुरक्षा तर्फको पेश्कि फिर्ता रु ६९७००० मिती २०७७।५।१२ मा संचित कोष खाताबाट र रु १०८७१०० धरौटी खाताबाट समेत जम्मा रु १७३४१०० नेपाल बैंक लिमिटेड चरीकोट शाखामा दाखिला गरेको बैंक स्टेटमेन्ट बाट देखिएको छ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको सुत्रमा समावेश नगरेकोले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br>• प्राप्त वितीय विवरणको अनुसुची २४ मा बैक कारोवारमा बर्षान्तको बाकी रु. ५०१६८०५६।०६ र अनुसुची २४ अनुसारको नगद तथा बैक बाकी रु. ९८९१८०५६।०६ भई बैक रु. ५०१६८०५६।०६ ले बढी देखिएको वितीय विवरणले देखाउदछ । अनुसुची २४ मा देखाएको बैक तथा नगद बाकी रु. ५०१६८०५६।०६ मध्ये रु. ४८७५०००० बैक कारोवारमा भिन्नता भन्ने उल्लेख छ ।यस सम्वन्धमा पुष्ट्याई प्राप्त नभएकोले हिसाव एकिन हुनु प्रर्दछ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सबै कारोबार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिडदैन ।<br>• गाउँपालिकाले पेश गरेको वित्तीय प्रतिवेदनमा भुक्तानी रु ३५२९१४९६६।७२ देखाएकोमा पालिकाबाट खर्च भएको (संघीय हस्तान्तरित कार्यक्रम बाहेकको )सबै बजेट शिर्षकको आर्थिक विवरण एवं फाँटवारीको जोडजम्मा बाट जम्मा खर्च रु ३५२७६८९६६।६२ देखिन्छ । फरक रकम रु १४६००० सम्बन्धमा यकिन हुनुपर्दछ ।<br>• पालिकाबाट लेखापरीक्षणको लागि पेश भएको संचितकोषको बैंक नगदी किताबअनुसार आम्दानी रु ४०५८३५०८८ देखाएकोमा पालिकाले पेश गरेको वित्तीय विवरण म,ले.प. फारम नं २७२ मा रु ३८७३२३८६६।१७ देखिन्छ । वित्तीय प्रतिवेदन र बैंक नगदी बिच रु १८५११२२१।८३ फरक देखिएको छ ।<br>• पालिकोको संचितकोषको बैंक नगदी किताब अनुसार रु ३१७९३७३२८ खर्च देखिएकोमा वित्तीय प्रतिवेदनमा रु ३४६४९३५७५।७८ देखिन्छ । बैंक नगदी किताब र वित्तीय प्रतिवेदन बिच रु २८५५६२४७।७२ ले फरक देखिएको छ ।<br>• पालिकाको वित्तीय प्रतिवेदनमा अन्य भुक्तानी देखाएको रु ६४२१३९१ सम्बन्धमा यकिन हुनुपर्दछ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु ४२५७ हजार मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु ७३७४ हजार जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ३०१७ हजार बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्दछ । | |
| ३. | **बैक हिसाब**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको मासिक रुपमा बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार रु२७००५९०६ फरक रकम मध्ये प्रदेश र संघीय सशर्तको मिती २०७६।३।३१ मा म्यानुअल रुपमा निकासा फिर्ता गरेको तर बैंक घटेको रु ११८३५२८३ संचित कोषको बैंक स्टेटमेन्ट विवरणबाट देखिन्छ । फरक रकमबाट निकासा फिर्ता रकम घटाउदा समेत रु१५१७०६२३ फरक देखिन्छ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | चालु खर्च खाता विजोर वर्ष | ३६७६३८६।२८ | ४५२०७७४।७८ | |
| २ | पुंजीगत खर्च खाता– विजोर वर्ष | ५३८००३ | ११७३९५४६।९८ | |
| ३ | धरौटी खाता | १६४०४१५ | ६७०५०५।२४ | |
| ४ | संचित कोष खाता | ८७८९७७५९।७८ | ४८४५११८५।८८ | |
| ५ | प्रकोप व्यवस्थापन कोष | ३२३४५७ | १६८८१०१ | |
| | जम्मा | ९४०७६०२० | ६७०७०११३।८८ | २७००५९०६ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३.१. | **घटी मौज्दातः** गाँउपालिकाले बैक हिसाव मिलान विवरण मलेप फारम नं २१२ तयार नगरेको कारण धरौटी खातामा स्रेस्ताअनुसार रु१६४०४१५ र बैक अनुसार मौज्दात रु६७०५०५।२४ रहेकोमा स्रेस्ताभन्दा बैक घटी रहेको रु ९६९९०९।७६ को बैक हिसाव मिलान विवरण तयार गरी एकिन गर्नुपर्ने रु | ९६९९०९।७६ |
| ४. | **लेखा श्रेस्ताः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ मा पालिकाले आय व्ययको अभिलेख अद्यावधिक रुपमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणलाई पेश गरेको वित्तीय प्रतिवेदन म.ले.प फा.नं. २७२ , बैंक नगदी किताब शीर्षकगत आर्थिक विवरणहरु भिडान गर्दा आम्दानी, खर्च पेश्कीको अभिलेख अद्यावधिक रुपमा राखेको पाइएन । पालिकाले आर्थिक कारोबारको हिसाब सुत्रमा आबद्ध गरेतापनि निकासा फिर्ता रु ११८३५२८३ फिर्ता खर्च लेखेको, गा.पा. कृषि चालु तर्फको म.ले.प फा.नं. २१३ र २१४ भिडान गर्दा रु १५०००० | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | फरक परेको, प्रकोप व्यवस्थापनको आय व्यय विवरणमा सुत्रमा खर्च नदेखाएको रु ५०५८२९१ रहेको, धरौटी खर्चमा बैंक नगदी किताब भन्दा आर्थिक विवरणमा रु १४६००० कमी देखाएको, संघीय हस्तान्तरित कार्यक्रम सुत्रमा प्रविष्टि नगरेको र बैंक नगदी किताब म्यानुअल राखेको देखिन्छ । | |
| ४.१. | **राजश्व बाडफाडः** गाउँपालिकाको राजश्व बाडफाड संघीय सरकार तर्फको बजेट अनुमान रु ८४३४७६७० रहेकोमा वास्तविक आम्दानी रु ५७३८२८७३ भएको देखियो ।उक्त प्राप्ती भन्दा रु ११८२४१२ ले बढि खर्च देखाइ वास्तविक खर्च रु ६९२१२२८५ खर्च हिसाबबाट देखिन्छ ।खर्चको फाटवारीबाट जम्मा खर्च रु ६८५७०५३४।२० देखिएको छ । पालिकाबाट रु ६४१७५१ बराबरको रकम २ पटक रिभर्स गर्दा रु ६४१७५१ खर्च घटन जादा बित्तीय विवरणमा वास्तविक खर्च भन्दा रु ६४१७५१ ले कमी देखिएको छ । | |
| ४.२. | **धरौटीः** पालिकाले धरौटी खाताको कारोबारमा सामाजिक सुरक्षा भत्ताको पेश्कि फर्छ्यौट एवं कारोबार गरेको , आर्थिक विवरण र मलेप फा नं २७२ को अनुसुची १५ बिच रु १४६००० धरौटी आम्दानी एवं खर्चमा फरक परी आर्थिक विवरण भन्दा अनुसुची १५ मा बढी कारोबार देखाएको, गत विगतको धरौटी बाकीको जिम्मेवारी धरौटी खातामा भए नभएको अभिलेख नरहेको र बैंक र फाटवारी अनुसार रु ७०१२१५ बैंक बढी देखिएको छ । | |
| ४.३. | **पेश्किः** पालिकाको वित्तीय प्रतिवेदन मलेप फा नं २७२ को अनुसुची २३ मा म्याद ननाघेको रु ९२६८०० र म्याद ननाघेको रु ३३०७२०० समेतको जम्मा रु ४२३४००० देखाएको छ । पालिकाले ०७७ श्रावण महिनामा पेश्कि फर्छ्यौट गरी ०७७ बसार मसान्तको कारोबारमा गाउपालिका चालु तर्फ भौ.नं ५६३ देखि ५७१ सम्म सुत्रमा समावेश गरी फर्छ्यौट गरेको रु ३४४६६१० र चालु आर्थिक वर्षको पेश्कि काकी विवरणमा बाकी देखाएको रु ९२६८०० समेत जम्मा रु ४३७३४१० देखिएको छ । पालिकाको फर्छ्यौट गर्न बाकी पेश्किको मास्केवारी विवरणमा रु ९२६८०० सुत्रको अभिलेखबाट देखाएको छ । पालिकाले असारको कारोबारमा फर्छ्यौट देखाएको रकम रु ३४४६६१० अनुसुची २३ मा नखुलेको एवं फर्छ्यौट गर्न बाकी विवरणमा नदेखाएको रकम भन्दा बैंक नगदी किताबमा फर्छ्यौट गरेको बढी देखिएको छ । अतः अनुसुची २३ मा म्याद नाघेको देखाएको रु ३३०७२०० र असारको कारोबारको फर्छ्यौट बढी रु १३९४१० समेत जम्मा रु ३४४६६१० समबन्धमा गत विगत वा चालु वर्षको के कति पेश्कि बाकी हो अभिलेख अद्यावधिक गरी यकिन गर्नुपर्दछ । | |
| ४.४. | **प्रकोप व्यवस्थापनः** पालिकाले चालु खर्च शिर्षकको विनियोजित रकम मध्ये रु ३५६०६०० प्रकोप व्यवस्थापनमा ट्रान्सफर भएको देखिन्छ ।ट्रान्सफर रकम प्रकोप मौज्दात एवं खर्च भएको रकम दोहोरो हुनाले खर्च बढी देखिएको छ । | |
| ५. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् मिती २०७७।५।७ मा ट्रान्सफर गरेको पाइयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन र मूल्य पनि आशिंक रुपमा मात्र खुलेको पाइयो ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ १२ र प्रशासनिकतर्फ २३ समेत ३५ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः १० र २२ समेत ३२ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. १९४७९९५४ खर्च लेखेको पाईयो ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• भ्रमणमा खटिने कर्मचारीहरुवाट भ्रमण प्रतिवेदन लिने नगरेको ।<br>• यातायात खर्च भुत्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • एकीकृत जिन्सी किताब तयार नगरेको ।<br>• संचालित सबै कार्यत्रमहरुको नियमित अनुगमन सोको नियमीत प्रतिवेदन गर्ने गरेको छैन<br>• रु २० हजार भन्दा माथिको कारोवार अनिवार्य रुपमा मु.अ.करमा दर्तावालासँग खरिद गर्नुपर्नेमा पान विलमा कारोवार गरेको ।<br>• योजनागत रुपमा अलग अलग नापी किताब नराखेका एवंम निर्माण कार्यको हालसम्मको परीमाण र खर्च देखिने एकिकृत नापी किताव प्रयोगमा नल्याएको ।<br>• भुक्तानी गर्दा कर कट्टी गरिएको रकम दाखिला गर्दा समेत गोश्वारा भौचर उठाइ कारोबार गर्नुपर्ने ।<br>• मर्मत अभिलेख खाता अद्यावधिक नगरेको, मर्मत आदेश नभएको ।<br>• कतिपय कार्यक्रममा भरपाइ मार्फत भुक्तानी गरेको ।<br>• स्वीकृत म.ले.प.फा. नं अनुसारको अभिलेख अद्यावधिक गरी नराखेको<br>• सामाजिक सुरक्षा भत्ता वितरण गर्दा एम.आइ.एस. प्रणाली अद्यावधिक नगरेको, नगद भत्ता वितरण गर्दा परिवारका अन्य सदस्यलाइ बुझाउने गरेको<br>• स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ९७ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रखेदेख मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख राखेको पाइएन ।<br>• कार्यक्रम संचालनको लागि पेश्की दिदा कतिपयमा लागत अनुमान तयार नगरेको ।<br>• योजना कार्यान्वयनको कार्यतालीका नबनाउको ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६. | **सेवा प्रवाह** लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार अ ब ०७६।७७ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ । | |
| | (see table below) | |
| | • **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ७. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सन्जीव ओली ले २०७६।३।१० गते रु ४२ करोड ४२ लाख २६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

| सि न | विवरण | विवरण सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या |
|---|---|---|
| १ | जन्म मृत्यु दर्ता | ३९१ |
| २ | नागरिकता सिफारिस | २७५ |
| ३ | घरबाटो सिफारीस | १६४ |
| ४ | नाता प्रमाणीत | २०७ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८. | **योजना तर्जुमा र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आर्थिक, सामाजिक र पूर्वाधार विकास लगायतमा रु ३४ करोड २९ लाख ३७ हजार बजेट व्यवस्था गरेकोमा रु २८ करोड १ लाख ९७ हजार खर्च गरेको पाइयो । यस वर्ष सञ्चालित कुल योजनाहरू मध्ये १ लाख भन्दा कममा ६ योजना ,१—५ लाख सम्मका ६९ योजना, ५—१० लाख सम्मका २० योजना र १० लाख भन्दा माथी ३६ योजना सञ्चालन भएकोमा २ वटा योजना क्रमागत र ७ वटा योजना संचालन नभएको मा उपभोक्ता समितिवाट १४१ र ठेक्कावाट ५ योजना संचालन गरेको पाइयो । पालिकाले मध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण नगरेको र अधिकांश कच्ची वाटोमा रकम खर्च गरेको देखिन्छ । पालिकाले मध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना सञ्चालन हुनु पर्दछ । | |
| ९. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. १ करोड ४ लाख १२ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितीको निर्णयबाट गाउसभाबाट अनुमोदन गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्द **(रु. हजारमा)** | |

| क.स. | अवण्डा शिर्षक | रकम | अवण्डा वाट खर्च भएको कार्यक्रम |
|---|---|---|---|
| १ | समपुरक कोष | ४६९७ | पुँजीगत तर्फ रु ४६९७ |
| २ | महिला उत्थान कार्यक्रम | १२५ | महिला सम्बन्धी कार्यक्रम रु १२५ हजार |
| ३ | विद्यालय अनुदान कार्यक्रम | ४८९० | विद्यालय अनुदानमा रु ४८९० हजार |
| ४ | महिला सिप विकास तालिम | ५०० | सिलाइ कटाइ कार्यक्रम रु ५ लाख |
| ५ | नेतृत्व तथा क्षमता विकास कार्यक्रम | २०० | नखुलेको |
| | **जम्मा** | **१०४१२** | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०. | **कार्यक्रम परिवर्तन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सिमा र शिर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरित वडा कार्यालयहरूको सिफारीसमा गाउँकार्यपालिकाले निम्नानुसार कार्यक्रम संसोधन गरी रकम खर्च गरेको पाईयो जसका केही उदाहरणहरु निम्नानुसार रहेका छन। | |

| सिन | मौजुदा कार्यक्रम | रकम | परिवर्तित कार्यक्रम | रकम | कार्यपालिकाको निर्णय मिती |
|---|---|---|---|---|---|
| १ | विभिन्न ५ वटा | ४५२१ | प्रकोप व्यवस्थापन | ४५२१ | ०७७।२।६ |
| २ | विभिन्न ४ वटा | ४५६ | विउ वितरण कार्यक्रम | ४५६ | ०७७।२।६ |
| ३ | विभिन्न ४ वटा | १३१२ | विद्यालय अनुदान | १३१२ | ०७७।२।६ |
| ४ | इन्धन शीर्षक | १२०० | विपद व्यवस्थापन | १२०० | ०७७।२।६ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | प्रदेश सरकारबाट नगद अनुदान | १००० | विभिन्न २ सडक मर्मत | १००० | ०७७।३।१५ |
| ६ | शिक्षा स्तर मापन परीक्षा | १५० | अन्य कार्यक्रम | १५० | ०७७।३।१५ |

११. **प्रगति विवरण नभएको:** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्वन्धी व्यवस्था छ । पालिकाले यस बर्ष उपभोक्ता समितिवाट सञ्चालीत १४१ योजनाहरु समेत कुल १४६ योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरुको प्रगति विवरण पेश हुन आएन । सञ्चालीत योजनाहरुको कार्यसम्पन्न अवस्था, वितिय एवं भौतिक प्रगति स्थीति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजीम कार्य सञ्चालन र सञ्चालीत कार्यको प्रगति विवरण तयार हुनुपर्दछ ।

१२. **सञ्चालन नभएका योजना तथा कार्यक्रमहरुः** लेखापरीक्षणलाई प्राप्त विवरणअनुसार यस वर्ष निम्नानुसारका योजना तथा कार्यक्रमहरुमा बजेट व्यवस्था भएकोमा संचालन हुन नसकि शुन्य प्रगति रहेको पाइयो । गाउँपालिकाले बजेट व्यवस्था भएको योजना तथा कार्यक्रम संचालन गरी बजेट उपयोगी क्षमता बढाउनुपर्दछ । **(रु. हजारमा)**

| सि. नं | योजनाको नाम | बजेट |
|---|---|---|
| १ | बुक्माडाडा अमाडेलु बिगु सडक स्तरोन्नति | ५०० |
| २ | ८ नं वडा कार्यालय भवन निर्माण | ३००० |
| ३ | सिंगटीघाट तथा पार्क निर्माण | १५०० |
| ४ | झारुङ खोला पक्की पुल | १०००० |
| ५ | फेल्दार चेन्दा मेन्दा गुम्बा निर्माण | १४०० |
| ६ | वडा नं ७ खानेपानी मर्मत | ५०० |
| ७ | गोंगर बजार शिवालय मन्दिर निर्माण | १०० |
| ८ | राष्ट्रिय परिचय पत्र तथा पंजिकरण विभाग पुँजीगत | २०६ |
| ९ | राष्ट्रपति महिला उत्थान कार्यक्रम | १० |
| १० | पोषण कार्यक्रम | २४ |

१३. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| | पूँजिगत | १३५५२० | १५४५० | ७२३७० | ४७७०० | ८८७३० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | खर्च प्रतिशत | १०० | ११.४० | ५३.४० | ३५.२० | ६५.४७ |
|---|---|---|---|---|---|---|

**१४.** **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २१३७१७०० | १३४६८३९३ | ४ |
| सामाजिक क्षेत्र | १८९३४५५०० | १६९४७१०१२।४७ | ४८.९१ |
| पूर्वाधार विकास क्षेत्र | १३२२१९९८० | ९७२५८५४३ | २८ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | १३३५३६०० | १०३७८४०७ | ३ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ६७९३५४०० | ५५९१७२२० | १६।१४ |
| **जम्मा** | ४२४२२६१८० | ३४६४९३५७५।७२ | १०० |

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः

**१४.१.** **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु २८०५४३०० राजस्व बाँडफाँड र अनुदानबाट रु ३६६६४३४५९ समेत रु ३८७३२३८६६ आम्दानी भएकोमा चालु तर्फ रु २१०९७३६१३ र पूँजिगत तर्फ रु१३५५१९९६२ र बित्तिय ब्यवस्था तर्फ रु .० समेत रु ३४६४९३५७५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.१० प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु ७०२३५५० खर्च भएको छ जुन आन्तरिक आयको २५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५७.५४ प्रतिशत चालु र ३६.९६.प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

**१४.२.** **आन्तरीक आय करः** लेखापरिक्षण लाई प्राप्त विवरण अनुसार यस वर्ष कुल आन्तरीक आम्दानी रु २८०५४३०० रहेकोमा पालिकाको कुल प्रशासनिक खर्च रु ५५९१७२२० रहेको छ । आन्तरीक आयको तुलनामा प्रशासनिक खर्चको हिस्सा १.९९ गुणा बढी रहेको छ । पालीकाले आन्तरीक आम्दानीका थप स्रोतहरु बढाउन पहल गर्नुपर्दछ ।

**१५.** **अधुरा आयोजना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष स्वास्थ्य चौकी खार्तल को रु ३० लाख र सामुदायिक स्वास्थ्य इकाइ खार्तलको भवन निर्माणमा रु ५० लाख बजेट बिनियोजन गरेकोमा ३५ प्रतिशत कार्य सम्पन्न गरी बाकी कार्यको जिम्मेवारी सारेको पाइयो । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।

**संगठन तथा कर्मचारी ब्यवस्थापन**

**१६.** **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ९ पदमा ३२ जना कर्मचारीहरु करारमा राखी रु. ८१७७००० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको असई पदमा २ र प्रा.स. मा १ गरी २ पदमा ३ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ८८६८६० भुक्तानी गरेको देखिन्छ । | |
| १६.१. | **महंगी भत्ताः** गाउँपालिकाले ३२ जना करार कर्मचारीहरुको लागि रु ७६८००० महंगी भत्ता भुक्तानी गरेको छ । महंगी भत्ता भुक्तानी गर्दा सम्झौतामा एकरुपता कायम गरेको पाइएन । कुनैमा सम्झौता बमोजिम र कुनैमा कार्यपालिकाको निर्णय बमोजिम यस्तो खर्च लेखेको पाइयो । | |
| १६.२. | **कर्मचारी फिल्ड भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार ३ जना करार प्राविधिक लाइ फिल्ड भत्ता बापत तलबको ४० प्रतिशतले हुने रु ३२७४५६ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। | |
| १७. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारी कल्याणकोष को स्थापना गरेको पाइएन । | |
| | • **कानून निर्माण एवं कार्यान्वयन** | |
| १८. | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, २ वटा नियमावली, १५ कार्यविधि लगायत ३० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । साथै पालिकाले १६ वटा कानूनहरु निर्माण गरी सभा कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |

(दफा १६.२ अन्तर्गतको तालिका)

| पद | नाम थर | रकम |
|---|---|---|
| अ.स.ई. | दिपेश थामी | १२७७२८ |
| अ.स.ई. | रविन बुढाथोकी | १२७७२८ |
| प्रा.स | शिव बहादुर ठकुरी | ७२००० |
| | **जम्मा** | **३२७४५६** |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १९. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २३ र यो बर्ष थप भएको ५२ गरी कुल ७५ विवाद दर्ता भएकोमा ७ वटा मात्र फछ्र्यौट भई ६८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २०. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण हस्तान्तरित कार्यक्रमको को.ले.नि.का. बाट र बाकी आलेप शाखा गठन गरी एक आलेप सहायकबाट लेखापरीक्षण गराएको पाइयो । | |
| | • **पदाधिकारी सुविधा** | |
| २१. | **बैठक भत्ता** - बागमती प्रदेश अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई पदभार ग्रहण गरेको दिन देखि लागू हुने गरी तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले पदाधिकारी सुविधा सम्बन्धी कानूनले २०७६ श्रावण देखि असोजसम्मको न्यायिक समिति, विद्यायन समिति, लेखा समिति र सुशासन समिति बाहेकको अरु कुनै पनि बैठकवापत कुनै पनि भत्ताको ब्यवस्था नभएको देखिन्छ । ऐनमा व्यवस्था भएबाहेक बैठक भत्ता रु८५०० बढी भुक्तानी रकम असूल गर्नुपर्ने रु. | ८५०० |

| वडा न. | नाम थर | बैठक संख्या | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ५ | मधुकर गुरुङ्ग | २ | १७०० | |
| | टेक बहादुर भुजेल | २ | १७०० | |
| | मनशोभा तामाङ | २ | १७०० | |
| | लय बहादुर श्रेष्ठ | २ | १७०० | |
| | रमिला बिजुक्छे | २ | १७०० | |
| | देव कुमारी बस्नेत | २ | १७०० | |
| | **जम्मा** | | ८५०० | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २२. | **सल्लाहकार खर्च** - बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँपालिकाले कानूनी परामर्शदाता को रुपमा मासिक रुपमा २५००० तलब भत्ता भुक्तानी हुने श्री लेक्स च्याम्बर लाइ नियुक्त गरी रु ३ लाख भुक्तानी गरेको अनियमित देखिएको रु. | ३००००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २३. | **पदाधिकारी सुविधा** - बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ मा उल्लेख भएको सुविधा पाउने ब्यवस्था छ । पालिकाले संचारमा रु. ५२२०००, खाजामा रु. ७५१५००, पुस्तक, पत्रपत्रिका, इन्टरनेटमा रु. ४०५०००, खानेपानी तथा बिजुलीमा रु. २६५५००, सरसफाई तथा मर्मतमा रु. १७१०००, डिजेल पेट्रोलमा रु. ८३२५००, अतिथि सत्कारमा रु. ८८६५००, समन्वय भत्ता मा ७९२००० गरी रु. ४६२६००० र मिती ०७६।४।१ देखि २०७६।६।३० सम्मको पारिश्रमिक रु ११९०१५० गरी कुल जम्मा खर्च रु ७०२३५५० लेखेको पाइयो । | |
| २४. | **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. १२१०८६५६ खर्च गरेको छ ।इन्धनमा रु ४११२२९५ र सवारी साधन मर्मतमा रु २०५५७९१ र मेसिन औजार मर्मतमा रु १११२०६६ खर्च लेखेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २५. | **सामाजिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न उपचार प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु. ४३९८९४३ सामाजिक सहायता र अन्य सहायता रु ११७५३९१३ समेत जम्मा रु १६१५२८६२ वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| | • **अनुदान प्राप्ति र वितरण** | |
| २६. | **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा अनुदानमा रु. ५४ लाख ७० हजार खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क.स. | कार्यक्रम | रकम (रु हजारमा) |
|---|---|---|
| १ | सिल पोलिथिन प्लाष्टिक तथा बिउ भण्डार | ११०७ |
| २ | मौरी पालन कार्यक्रम | ३०० |
| ३ | बोयर जातको बोका वितरण | ५०० |
| ४ | किवि तथा सुन्तला खेती कार्यक्रम | २०० |
| ५ | फलफुलको बिरुवा वितरण | २७३ |
| ६ | किवि खेती कार्यक्रम | ३०० |
| ७ | सहकारी सिचाइ समुह | ५०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ८ | भकारो सुधार कार्यक्रम | ३०० |
| ९ | किवि बिरुवा वितरण (५०% अनुदान) | ७० |
| १० | गोठसुधार कार्यक्रम (८० %) | ६०० |
| ११ | टिमुर खेती कार्यक्रम | २०० |
| १२ | तरकारी बीउ र ७०% अनुदानमा टनेल | ५०० |
| १३ | गाइ बाखा बंगुरपालन (७० % अनुदान) | ४०० |
| १४ | सुधारिएको आरन वितरण | १५० |
| | **जम्मा** | **५४७०** |

२७. **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु. २१ लाख ९८ हजार रुपैया अनुदान उपलब्ध गराएका छन् ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १ | कोसेली घर व्यवस्थापन | व्यवस्थापन | १०००००० |
| २ | महिला आधारशिल सहकारी | सोझै खरिद | २००००० |
| ३ | सावलादेवी बचत तथा ऋण स.स.ली | व्यवस्थापन | १५०००० |
| ४ | नवजिवन बचत तथा ऋण स.स.ली | व्यवस्थापन | १५०००० |
| ५ | महिला आधारशिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | सेफ खरिद | १९८००० |
| ६ | सवला देवि बचत तथा ऋण सहकारी सस्था लिमिटेड | कार्यालय व्यवस्थापन | १५०००० |
| ७ | नवजिवन बचत तथा ऋण सहकारी सस्था लिमिटेड | समाग्री खरीद | १५०००० |
| ८ | समावेशि महिला संजाल | भवन मर्मत | २००००० |
| | | **जम्मा** | **२१९८०००** |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२७.१. **कोशेली घर व्यवस्थापन्** गाउँपालिकाले कोसेली घर व्यवस्थापनको लागि रु १० लाख बजेट व्यवस्था गरि रु १० लाखका फर्निचर, कुटाइपिसाइ मेसिन, विद्युतीय सामाग्रीहरु लगायतमा अनुदान दिएको पाइयो । उक्त कोसेलीघरले पालिकोको भवनको १ कोठा प्रयोग गरेको देखिन्छ । उक्त कोठा प्रयोग गरेबापतको कुनै पनि घरभाडा प्राप्त भएको देखिएन । उक्त घरभाडा लिनेदिने सम्बन्धी सम्झौता लगायतको कागजात र अनुदान दिएको रकमको अनुदान कार्यविधी समेत संल्गन गरेको पाइएन । पालिकाको भवन समेत भाडा वेगर प्रयोग गर्न दिएको र व्यवस्थापन बापतको अनुदान समेत नाफामूलक संस्थालाइ दिएको उपयुक्त देखिएन ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

२८. **अनुत्पादक खर्च** - सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु. २१५४०१० खर्च गरेको देखिन्छ ।

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | समावेशी महिला संजाल | भवन प्लाष्टर | २००००० |
| २ | राष्ट्रिय लोक दोहोरी प्रतिष्ठान नेपाल | सहयोग | २०००० |
| ३ | नमूना यूवा कलब | जर्सी | २१६०० |
| ४ | सृजनशील आमा समुह | सहयोग | २५००० |
| ५ | सिंगटी ग्रामीण आँखा क्लिनीक | मर्मत | ६३६४७ |
| ६ | पालिका तथा वडा स्तरीय खेलकुद | खेलकुद कार्यक्रम | १६०३७६३ |
| ७ | राष्ट्रिय दोहोरीगित प्रतिष्ठान | कार्यक्रम सहयोग | २०००० |
| ८ | राम नरेश यादव | स्वयंस्विका मोवाइल वितरण | २००००० |
| | **जम्मा** | | **२१५४०१०** |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

- **कर दस्तुर एवं आन्तरिक आय**

२९. **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ५००००० | १०१४ | ०.२० |
| घरजग्गा वहाल कर | २००००० | ३४४४५९।८४ | १७२.२३ |
| अन्य कर | ८०००००० | ४४६७८७।२४ | ५.५८ |
| वहाल विरौटी शुल्क | २००००० | ८७०० | ४ |
| | | | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क लिने परीपाटी रहेको पाइयो। आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

३०. **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता २ तथा १३ नवीकरण शुल्क वापत रु. ७८००० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३१. | **आन्तरीक आम्दानीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार आम्दानी खर्च पुष्टि हुने गरि प्रमाण राख्नुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले योवर्ष आन्तरिक आम्दानी रु. २८०५४३०० गरेको बिवरण प्राप्त भएको छ । गाँउपालिका कार्यालय र ८ वटा वडा कार्यालयहरुले गाँउपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिदहरु र बाकी रहेका रसिदहरुको अभिलेख अद्यावधिक गरेको छैन । तोकिएका म.ले.प.फारम नं. १०५, १०६, १०७ र १०८ लगायत निम्नानुसारका अभिलेखहरु ब्यवस्थित राखेको नदेखिदा गाँउपालिका र वडा कार्यालयहरुबाट भएको आम्दानी यकिन गर्न सकिएन । | |
| ३२. | **वडागत आम्दानीः** लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार ८ वडाहरुको नगदी रसिद बुझिलिएको फिर्ता आएको रसिदको आम्दानी एवं बैंक दाखिला निम्नानुसार रहेको देखियो । | |

| वडा नं. | गएको ठेली नगदी / मालपोत | बुझिलिने नाम | फिर्ता आएको ठेली | नगदी रसिद आम्दानी | मालपोत रसिद आम्दानी | जम्मा रकम | बैंक दाखिला | बैक दाखिला मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | १० | मदन कुमार श्रेष्ठ | १० | ४५०९९ | २७०९६ | ७२१९५ | ७२१९५ | ३/३ |
| २ | १० | दिपक ठकुरी | १० | ३८६२५ | १९८५२ | ५८४७७ | ५८४७७ | २/२ |
| ३ | १० | हरिलाल आचार्य | १० | १८४०३५ | १०३३१ | १९४३६६ | १९४३६६ | ३/३ |
| ४ | १३ | बुक्तम तामाङ | १३ | ८६१०१ | ८२७६५ | १६८८६६ | १६८८६६ | ३/३ |
| ५ | १३ | मधुकर गुरुङ्ग | १३ | ४७५४० | ८०२८० | १२७८२० | १२७८२० | ३/३ |
| ६ | १४ | शुशिल रिजाल | १४ | ३१११५९ | १४९३७ | ३२६०९६ | ३२६०९६ | २/२ |
| ७ | ९ | लिला ब. थामी | ९ | ८६२२१ | २९३२३ | ११५५४४ | ११५५४४ | ३/३ |
| ८ | १७ | गोविन्द कु. खड्का | १७ | ३०७५० | ३३७५२ | ६४५०२ | ६४५०२ | ३/३ |
| | | **जम्मा** | | | | **११२७८६६** | **११२७८६६** | |

**क.** आन्तरीक आयमा प्रयोग हुने रसिदहरुको छपाई, आम्दानी, खर्च र बांकी र वडागत वितरणको अभिलेख देखिने रसिद नियन्त्रण खाता ब्यवस्थित राखेको पाइएन।

**ख.** गत आ.व.मा छपाई भएका नगदि रसिदहरु समेत प्रयोगमा आएको पाइएको तर त्यसको अ.ल्या. र बाकी समेत देखिने अभिलेख अद्यावधिक गरेको पाइएन ।

**ग.** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ ।बैक भौचरका आधारमा वर्षको एकमुष्ट २/३ पटक आम्दानी बाधेको र सो आम्दानी के कहिले आम्दानी भयो वडागत रुपमा अभिलेख राखेको पाईएन । अभिलेख ब्यवस्थितगरी समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।

**घ)** उल्लेखित विवरणमा वडागत फिर्ता आएको रसिद संस्थाको आधारमा मात्र पालिकाले रसिद बुझिलिएको विवरण तयार गरेको पाइयो । पालिकाको रसिद नियन्त्रण खाता आंशिक मात्र भएको र अद्यावधिक वार्षिक अभिलेख नराखेकोले उल्लेखित रसिद थान बुझे बुझाएको पुष्टयाइ खुल्दैन । यस सम्बन्धमा पालिकाबाट रसिद बुझिलिएको अवस्था र सबै आम्दानी प्राप्त भए

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नभएको अवस्था यकिन गरी घटी आम्दानी र बैंक दाखिला भएको भए ब्याज एवं हर्जना समेत यकिन गरी असुल गर्नुपर्दछ । | |
| ३३. | **अपर तामाकोसी रोयल्टीः** गाउँपालिकालाइ यस वर्ष अपर तामाकोसी हाइड्रोपावर लिमिटेड माथिल्लो तामाकोसी जलविद्युत आयोजनाबाट आयोजनाको सहयोग गर्ने निर्णय अनुसार विभिन्न सडक निर्माणको लागि मिती २०७७।३।८ मा रु २५ लाख र मिती २०७७।३।३१ मा रु ७१७०११० समेत जम्मा रु ९६७०११० प्राप्त भएको बैंक स्टेटमेन्टबाट देखिएको छ ।उक्त रोयल्टी के कति प्राप्त हुनुपर्ने हो सोको सम्झौता लगायतका कुनैपनि कागजात संल्गन गरेको पाइएन । यस सम्बन्धमा पालिकाबाट यकिन हुनुपर्दछ । | |
| | **आयकर एवं मू.अ.कर** | |
| ३४. | **रितपूर्बकको कर बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु२३७९९।१ समेत रु१८३०७० समाना तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | २३७९९ |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|---|
| ५५२।३।३१ | रविन्द्र उप्रेति, महालक्ष्मी ट्रेडस एण्ड सप्लायर्स चरीकोट | ६०८२३०६३४ | फोटोकपि विल | १८३०७० | २३७९९ |
| | **जम्मा** | | | | २३७९९ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • **उपभोक्ता समिति मार्फत कार्य** | |
| ३५. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| गोभौनं./मिति | योजनाको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| २१/०७६।११।१३ | नगरा सडक निर्माण | माटो खन्ने | ३००००० | एक्साभेटर | २८८००४ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ३८/०७७।२।५ | बुलुप्का गान्दुक सडक | माटो खन्ने | ४०००० | एक्साभेटर | ४०००० |
| ४२/०७७।२।५ | ढुंगाखानी आलम्पु सडक | माटो खन्ने | १५००००० | एक्साभेटर | १५५२५६४ |
| ६७/०७७।२।२८ | स्याल्जाङ खारेखोला सडक | माटो खन्ने | ७००००० | एक्साभेटर | ६७२३५० |
| ९३/०७७।३।३१ | जगत ओराङ सडक निर्माण | माटो खन्ने | २४९५००० | एक्साभेटर | २२२०९४९ |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

**३५.१.** माथि उल्लेख गरिएका लगायत अधिकांश योजनाहरुको गाँउपालीकाले उपभोक्ता समितिसँग सम्झौता गरी प्राविधिक कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिएको छ । अधिकांश उ.स. हरुले एक्साभेटर लगायतका हेभि इक्युपमेन्टहरु प्रयोग गरेको निर्माण ब्यावसायिका कर बिजकहरु पेश गरी भुत्तानी लिएको छ । उपभोत्ता समितिले भुत्तानी लिएको रकमको तुलनामा बढी मुल्यका कर बिजकहरु पेश गरी निर्माण ब्यवसायीले गाँउपालिकाबाट भुक्तानी लिएको रकमभन्दा बढी रकम उपभोक्ता समितिसँग भुत्तानी लिएको पाइएकोले उत निर्माण कार्यहरु बास्तविकता सम्वन्धमा एकिन हुन सकिएन ।

**३६.** **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| विभिन्न | कभर्ड हल तथा खेल मैदान निर्माण | हल तथा मैदन निर्मण | ३५१०७४३ |
| विभिन्न | खोप केन्द्र भवन निर्माण | भवन निर्मण | ६८१९७५ |
| ८२।०७७।३।५ | वडा कार्यालय तथा स्वास्थ्य चौकी भवन निर्माण | भवन निर्मण | ९९७००० |
| १०७।०७७।३।१७ | जुम्सा खानेपानी योजना | खानेपानि संचालन | ५००००० |
| ५८।०७७।२।२५ | दिङ्गुर ओगेन टासी छोलिङ गुम्वा निर्माण | गुम्वा निर्माण | १९००००० |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

**३७.** **सव कन्ट्याक्टरवाट काम गराएको**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समूदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र निर्माण व्यवसायी वा सव कन्ट्र्याक्टरवाट काम गराउन नहुने उल्लेख छ । कार्यालय र उपभोक्ता वीच सम्झौता भई वाटोको ट्याक खोल्ने, पहिरो हटाउने लगायतका वाटो, मोटर वाटो सम्बन्धी काम उपभोक्ताले गर्ने भनिएपनि स्रेस्ता परीक्षण गर्दा अकिकांश काम निर्माण व्यवसायीवाटै गराउने गरेको देखियो उपभोक्ताले पेश गरेको विलमा केही निःशुल्क श्रम वापत भनी मस्टररोलमा काम गरेको देखाएपनि अधिकांश योजनाहरुको निर्माण कार्य निर्माण

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | व्यवसायीवाटै गराएको उल्लेख गरी उपभोक्ताको योगदान बाहेकको बाकी रकम निर्माण ब्यावसायीको कर विजक पेश गरी भुक्तानी गरेको पाइयो । कानूनको परिपालना नगरी काम गराएकोलाई नियमसम्मत मान्न सकिएन । केही उदाहरण निम्न छन्ः | |

| भौ.न.मिति | योजनाको नाम | कामको विवरण | ल.ई | भुक्तानी रकम | निर्माण व्यवसायी | कन्ट्रयाक्टरको बिल |
|---|---|---|---|---|---|---|
| ८/०७६।११।७ | जगत ठाडी सडक निर्माण | माटो खन्ने | २१३१४८० | २०००००० | जन्मभूमि कन्स्ट्रक्सन, विगु ४ | २०७८६३५ |
| २६/०७६।११।२८ | क्यारथल सडक निर्माण | माटो खन्ने | ३१७४९३ | ३००००० | महिमा निर्माण सेवा, भिनपा १० | २८८१६७ |
| ३७/०७७।२।२ | स्याखु ढुंगा खानी रासा खानी सडक | माटो खन्ने | ८५३०१७ | ८००००० | चक्रेश्वर विल्डर्स | ८५२७१४ |
| ४०/०७७।२।५ | पेगुखोला नगरा मानेडाडा सडक | माटो खन्ने | १५८५२२२ | १५००००० | मुनाल कन्स्ट्रक्सन प्रालि, कागेश्वरी मनहरा | १५७०४७३ |
| ६०/०७७।२।२० | ओराङथान ठाडोखोला मन्दिर सडक | माटो खन्ने | ८५५४८८ | ८००००० | जन्ममुखी कन्स्ट्रक्सन, विगु ४ | ८३६२८० |
| ७१/०७७।२।२८ | स्याल्जिङ खारेखोला सडक | माटो खन्ने | १४८६०१४ | १४००००० | चक्रेश्वर विल्डर्स एंड कन्स्ट्रक्सन प्रालि | ६७२३५० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३८. | **नर्म्सको प्रयोगः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धी भए त्यस्तो नर्म्स बमोजिम त्यस्तो नर्म्स नभएको अवस्थामा नेपाल सरकारवाट स्वीकृत नर्म्स बमोजीम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । नर्म्सको प्रयोग गर्दा सकेसम्म किफायति नर्म्स प्रयोग गरि सरकारी स्रोत साधनको मितव्ययी प्रयोग गरिनु पर्दछ । गाँउपालिकाले उपभोक्ता समिति मार्फत संचालन गरिएका निर्माण कार्यमा डोलिडारको नर्म्स प्रयोग गरेको पाइयो । दर विश्लेषणलाई आधार मान्दा डोलीडारको भन्दा त्यहि कार्यमा प्रयोग हुने सडक विभागको नर्म्स किफायती देखीन्छ । सडकको नर्म्स प्रयोग नगरी डोलीडारको नर्म्स प्रयोग गरि लागत अनुमान तयार गरि सोही अनुसार मुल्याङ्कन एवं कार्यसम्पादन प्रतिवेदन तयार गरि रु.५० लाख भन्दा माथिका निर्माण कार्यको भुक्तानिको परिक्षण गर्दा निम्नानुसार रकम बढी खर्च भएको देखिन्छ । नर्म्स प्रयोग गर्दा सस्तो एवं किफायति नर्म्स प्रयोग गर्नुपर्दछ । किफायति नर्म्स प्रयोग नगरि बढी दरको नर्म्स को आधारमा लागत अनुमान एवं कार्य सम्पन प्रतिवेदन तयार गरी उपमोक्ता समितिलाई बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ७०७८४३ |

| भौ.नं/मिती | योजनाको नाम | कामको विवरण | कार्यसम्पन्न को परिमाण | सडकको नम्स | प्रयोग भएको भवन नम्स | बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १७/०७६।११।११ | लामावगर भैसे सडक सोलिङ | १:२:४ **RCC for PCC** | ७.९२ घ.मि | ११५१६।८७ | १५७७७।९१ | ४२६१।०४ | ३३७४७ |
| २५/०७६।११।१६ | फान्दाङ खानेपानी सिरानधारा | पाइपलाइन खन्ने नरम माटो | २७० घ.मि | ४६३।५ | ७७२।५ | ३०९ | ८३४३० |
| ३९/०७७।२।५ | फाक्चु खोला खानेपानी | पाइप लाइन खन्ने नरम माटो | ८०.२५ घ.मि. | ४६३।५० | ७७२।५० | ३०९ | २४९८२ |
| ४१/०७७।२।५ | टसी ल्हाङ गुम्बा | कडा माटो खन्ने म्यानूअल | ८०.१८ घ.मि. | ५४०।७५ | ६१८ | ७७।२५ | ६१९३ |
| ४४/०७७।२।७ | | **1:1.5:3 PCC** | १५.२० घ.मि. | १३०९४।१२ | १६२१६।०७ | ३१२१।९५ | ४७४५३ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | दिङगुर ओगने टासी छोलिङ गुम्बा | **1:1.5:3 PCC** | २४.२३ घ.मि. | १३०९४।१२ | १६४८४।९७ | ३३९०।८५ | ८२१६० |
| ५८/०७७।२।१० | ओराङ थोबो डाडा पर्यटन पदमार्ग | कडा माटो खन्ने म्यानूअल | १६५.८७ घ.मि | ५४०।७५ | ६१८ | ७७।२५ | १२८१३ |
| ६२/०७७।२।२५ | सिमधारा गौरावारी खानेपानी | माटो खन्ने काम म्यानूअल | ६४.५८ घ.मि. | ४६३।५० | ७७२।५० | ३०९ | १९९५५ |
| ७४/०७७।२।२५ | ढिकुरे धारा वलिगाउ वेठिखोरिया खानेपानी | नरम माटो खन्ने काम म्यानुअल | २२०.५ घ.मी | ४६३।५ | ७७२।५० | ३०९ | ६८१३४ |
| ८२/०७७।३।५ | वडा कार्यालय तथा स्वास्थ्य चौकी भवन निर्माण | **1:2:4 PCC** | १२.२९ घ.मि. | ११५१६।८७ | १४६६५।५८ | ३१४८।७१ | ३८६९८ |
| ९४/०७७।३।१२ | ढिङसाङ यार्सा देउढुंगा विगुगुम्बा पदमार्ग | कडा माटो खन्ने काम | २५२.३७ घ.मि. | ५४०।७५ | ६१८ | ७७।२५ | १९४९५ |
| ९५/०७७।३।१२ | कोथली साना सिचाइ | नरम माटो खन्ने | ९१.८० घ.मि. | ४६३।५ | ७७२।५ | ३०९ | २८३६६ |
| १०६/०७७।३।१७ | लामावगर खेलमैदान मा शौचालय निर्माण | **1:1.5:3 PCC** | १२.१४ घ. मि. | १३०९४।१२ | १६४८४।९७ | ३३९०।८५ | ४११६४ |
| १०६/०७७।३।१७ | लामावगर खेलमैदान मा शौचालय निर्माण | डण्डीको काम | १३१४ केजी | विल पेश नभएको | | १३७।२४ | ५६६३ |
| १०७/०७७।३।१७ | जुम्सा खानेपानी | पाइपलाइन खन्ने | २०६ घ.मि. | ४६३।५ | ६१८ | १५४।५ | ३१८२७ |
| १२१/०७७।३।२३ | सार्वजनिक शौचालय वडा नं ४ | **1:1.5:3 PCC** | १६.२० घ.मि. | १३०९४।१२ | १७३१३।०८ | ४२१८।९६ | ६८३४७ |
| | **जम्मा** | | | | | | ७०७८४३।२२ |

| | | |
|---|---|---|
| ३९. | **सिंगटी सोरुङ ढाक्रेवोट आलम्पु बिगु सडकः** लागत अनुमान ५३१४७९६।८५ रहेको सिंगटी सोरुङ ढाक्रेबोट आलम्पु विगु सडक Back cutting को कार्य गर्न उपभोक्ता समिती र गाउँपालिका बिच २०७६।२।१ मा सम्झौता भएअनुसार उक्त निर्माण कार्यको अवधि ०७६।३।१५ सम्म कायम गरिएको थियो । रकम विनियोजन भन्दा बढी माग गरेको कारण विवाद भएको र प्राविधिकद्धारा उक्त निर्माण कार्यको नाप जाच गरी रु ५३२८३३०।७५ को मूल्याङ्कन पेश भएको आधारमा गत वर्ष भुक्तानी दिन बाँकी रहेको उक्त योजनाको भुक्तानीको लागि २०७५ माघ १० गते बसेको गाउँ कार्यपालिको बैठकको निर्णय नं १० अनुसार आर्थिक वर्ष ०७५/७६ मा नै सिंगटी सोरुङ ढाक्रेवोट आलम्पु बिगु सडकको Back cutting कार्य भसकेको तर बजेटको अभावको कारण भनि पूर्वाधार विकास समितीको सिफारिसमा ०७६।७७ बजेटबाट दिने भन्ने निर्णय भए बमोजिम आर्थिक वर्ष ०७६।७७ मा योजनाको लागि रु ६० लाख बजेट विनियोजना गरी भौ.नं/मिती ३/०७६।७।१९ बाट रु ४८ लाख भुक्तानी भएको छ । यसमा देखिएका व्यहोरा यस प्रकार छन । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३९.१. | लागत अनुमान तयार गर्दा मेशिनको दर प्रयोग गरिएको र सोही अनुरुप उक्त सडकको चेनेज ०+००० देखि ३+९७० सम्म विभिन्न प्रकारको माटो १९२९७।३० घनमिटर कटिङ गरिएको रु ५२४४३३०।७५ को मूल्याङ्कन पेश गरी उपभोक्ता समितीलाइ रु ४८ लाख भुक्तानी भएको छ । जसमा उपभोक्ता समितीको योगदान रु ५२८३३०।७५ उल्लेख गरेकोमा मेशिनको मात्र बिल पेश भएको कारण उक्त योजनामा उपभोक्ता समितीको प्रत्यक्ष योगदान रहेको छ भनि विश्वस्त हुन सकिएन । गाउँपालिकाले व्यहोर्ने रु ४८ लाख भन्दा बढीको काम उपभोक्ताको रहेको भन्ने कार्यालयको रहेको पाइयो । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार श्रममूलक कार्य गरी उपभोक्ता समितीको योगदान एवं प्रत्यक्ष संल्गनता हुनुपर्नेमा सो नभएबाट ऐन तथा नियमावलीको पालना भएको छैन । | |
| ३९.२. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ता समिती वा लाभग्राही समुदायलाइ निर्माण कार्य वा सेवाको काम दिदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड,कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । निर्माण कार्यको मूल्याङ्कन रु ५२४४३३०।७५ भएको र गाउँपालिकाले व्यहोर्ने रु ४८ लाख कटाउदा हुने रु ४४४३३० उपभोक्ता समितीको योगदानमा पनि मू.अ. कर भुक्तानी भएको छ। भुक्तानी भएको मू.अ. कर रकम रु ५७७५९ मा उपभोक्ता समितीको योगदान १०.७२ प्रतिशत कट्टा गरी बढी भुक्तानी भएको मू.अ. कर रकम सम्बन्धित उपभोक्ता समिती संग असुल गर्नुपर्ने रु | ५१५६७ |
| ३९.३. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको काम प्राविधिम मूल्याङ्कन,बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सोही अनुसार सार्वजनिक निकायले भुक्तानी दिनुपर्ने व्यवस्था छ ।उक्त निर्माण कार्यको रु ५२४४३३०।७५ को प्राविधिक मूल्याङ्कन भएकोमा निर्माण व्यवसायी चक्रेश्वर विल्डर्स चिलंखा ४ दोलखाको पेश गरेको रु ५१६१२१८ को मात्र बील पेश भएकोले बील भन्दा बढी भुक्तानी भएको रकम सम्बन्धितसंग असुल गर्नुपर्ने रु | ८३११२ |
| ३९.४. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम (६) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बील, भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही बमोजिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । निर्माण कार्य २०७५।७६ मा नै सम्पन्न भएको भनि ०७५ माघ १० को गाउँ कार्यपालिकाको निर्णय नं १० अनुसार बजेट अभावको कारण पूर्वाधार विकास समितीको सिफारिसमा ०७६।७७ को बजेटबाट रकम भुक्तानी दिने भन्ने निर्णयको आधारमा ०७६।७७ मा रु ६० लाख बजेट बिनियोजन भइ उपभोक्ता समितीलाइ रु ४८ लाख भुक्तानी भएको छ ।तर निर्माण व्यवसायी चक्रेश्वर विल्डर्स चिलंखा ४ दोलखाको रु ५१६१२१८ को कर बिजकको मिती २०७६।६।८ रहेको पाइयो । अघिल्लो आर्थिक वर्षमा सम्पन्न भएको निर्माण कार्यको कर बिजक पछिल्लो आर्थिक वर्षको मितीमा पेश भएको कारण निर्माण कार्यको सम्बन्धमा स्पष्ट हुन सकिएन । | |
| ४०. | **सिंगटी लादुक बुलुङ ओराङ सडक स्तरोन्नतिः** लागत अनुमान रु ६०२१७३१।३३ रहेको सिंगटी लादुक बुलुङ ओराङ सडक निर्माण कार्यको लागि उपभोक्ता समिती र गाउँपालिका बीच | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | २०७५।१२।२५ मा सम्झौता भएअनुसार उक्त निर्माण कार्यको अवधि २०७६।३।२५ सम्म कायम गरिएको थियो । बजेट अभावकव कारण आर्थिक वर्ष २०७५।७६ मा नै कार्य सम्पन्न भइसकेको उक्त निर्माण कार्यको भुक्तानी आर्थिक वर्ष २०७६।७७ को बजेटबाट दिने भन्ने पूर्वाधार विकास समितीको सिफारिस एवं गाउँ कार्यपालिकाको २०७५ माघ १० को निर्णय नं १० बमोजिम रु ६०३८०८४।१० को कार्यसम्पन्न पेश गरेको आधारमा उपभोक्ता समितीलाई भौ.नं./मिति ५/०७६।७।२० बाट रु ५८ लाख ४० हजार भुक्तानी भएको छ ।यसमा देखिएका व्यहोरा यस प्रकार छन । | |
| ४०.१. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम (६) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बील, भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही बमोजिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । निर्माण कार्यको प्राविधिक कार्य सम्पन्न प्रतिवेदन रु ६०३८०८४।१० को पेश भएकोमा उपभोक्ता समितीले ५६०२९७८ को मात्र बिलभरपाइ पेश गरेको छ ।घटी बिल पेश भएको रकम रु ४३५१०६ मा उपभोक्ता समितीको योगदान ३.०१ प्रतिशत कट्टा गरी हुन आउने रकम रु ४२२००९ सम्बन्धित उपभोक्ता समितीबाट असुल गर्नुपर्ने रु | ४२२००९ |
| ४०.२. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम (६) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बील, भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही बमोजिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदनमा मेशिनद्धारा माटो खन्ने कार्यको मूल्याङ्कन रु २५१७१८० देखाइएकोमा निर्माण व्यवसायी सिंगटी कन्स्ट्रक्सन एण्ड सप्लायर्स कालिञ्चोक ३ ले रु २१३१७७८ को मात्र बिलबिजक पेश गरेको छ।घटी बिजक पेश भएको रु ३८५४०२ सम्बन्धितसंग असुल गर्नुपर्ने रु | ३८५४०२ |
| ४०.३. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम (६) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बील, भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही बमोजिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । पूर्वाधार विकास समितीको सिफारिस एवं गाउँपालिकाको ०७५ माघ १० को निर्णयअनुसार उक्त निर्माण कार्य आ.व. २०७५।७६ मा सकिएको र बजेटको अभावको कारण आ.व. ७६।७७ मा बजेट विनियोजन गरी भुक्तानी दिने निर्णयअनुसार रु ५८लाख ४० हजार भुक्तानी भएको छ तर उपभोक्ता समितिले पेश गरेको बीलभरपाई परीक्षण गर्दा निम्नानुसारको बीलभरपाई आ.व. ०७६।७७ का मिती प्रयोग भएको पाइएकोले निर्माणकार्यको सम्बन्धमा स्पष्ट हुन सकिएन ।यस सम्बन्धमा यथार्थता यकिन हुनुपर्ने रु | ४२७७६२८ |

| बिलको मिती | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|
| ०७६।५।७ | सावलादेवी आयल स्टोर, कालिञ्चोक-३ | १०५०४९४ | तेलको बिल |
| ०७६।६।१६ | सिंगटी कन्सट्रक्सन एडं सप्लायर्स, कालिञ्चोक-३ | १०८११८४ | डोजर प्रयोगको बिल |
| ०७६।४।१५ | यम बहादुर तामाङ, लादुक बुलुङ्ग | ६६७२५० | टिपर प्रयोग गरी माटो ओसारेको |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ०७६।४।१५ | सरुमान धामी, लादुक-४ | ६६७२५० | टिपर प्रयोग गरी माटो ओसारेको |
| ०७६।४।१५ | जयराम गुरुङ्ग, चिलंखा-७ | ६६७२५० | टिपर प्रयोग गरी माटो ओसारेको |
| ०७६।१२।1 देखि ०७६।१२।२२ सम्म | विभिन्न १२ जना | १४४२०० | पहिरोको ढुंगा माटो पन्छाउने काम डोरहाजिरी पेश |
| | **जम्मा** | ४२७७६२८ | |

४१. **ग्याविन को प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सोही अनुरुप भुक्तानी हुने व्यवस्था छ । लागत अनुमान रु १२७८९६१ रहेको मंगल दुम्सिखेल कुडार सडक मर्मत कार्यको लागि उपभोक्ता समिती र गाउँपालिका बिच सम्झौता भई रु १२९५५०० को कार्यसम्पन्न प्रतिवेदन पेश गरी रु ११९७००० भुक्तानी भएकोमा प्राविधिक कार्य सम्पन्न प्रतिवेदनमा १.५"१"१ को ग्याबिन जाली ५१ थान खरिद गरिएको मूल्याङ्कन गरी सोही अनुसार भुक्तानी भएकोमा उपभोक्ता समितिले ३६ थान जाली मात्र खरिद गरेकोले प्रतिजालीको खरिद दर २३२३।९६ ले १५ जालीको रु ३४८५९ र १५ जालीको २२.५ घनमिटर हुने भएको कारण भरेको प्रतिघनमिटर रु २७३८.३१ ले २२.५ घ.मि.को हुने रु ६१६११ समेत कुल रु ९६४७० सम्बन्धित उपभोक्ता समिती संग असुल गर्नुपर्ने रु

बेरुजू रकम: ९६४७०

४२. **घटी कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सोही अनुरुप भुक्तानी हुने व्यवस्था छ । उपभोक्ता समितीमार्फत सम्पन्न भएका निम्न योजनाहरुको कार्यसम्पन्न प्रतिवेदनमा प्रयोग भएको डण्डिको काम भन्दा उपभोक्ता समितीले खरिद गरेको डण्डिको बिल पेश नभएको तथा कम बील पेश भएको कारण मूल्याङ्कन अनुरुप पाइप खरिद गरेको देखिदैन ।मूल्याङ्कन अनुरुप बिल नपुगेको निम्नानुसार रकम सम्बन्धित उपभोक्ता समितीसंग असुल गर्नुपर्ने रु

बेरुजू रकम: ६०२४७

| **भौ.नं/मिती** | **योजना** | **कामको विवरण** | **कार्यसम्पन्न अनुसार परिमाण** | **बिल पेश** | **दर** | **जम्मा रकम** |
|---|---|---|---|---|---|---|
| १०६/०७ ७।३।१७ | लामावगर खेलमैदानमा शौचालय निर्माण | डण्डी खरिद | १६४६।७३ केजि | १३१४ केजि | १३७।२४ | ४५६६३ |
| १०४/०७ ७।३।१६ | सार्वजनिक शौचालय मर्मत वडा नं ४ | डण्डी खरिद | ११४।२६ केजि | — | १२७।६४ | १४५८४ |
| | | | | | **जम्मा** | ६०२४७ |

४३. **घटी जालि खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सोही अनुरुप भुक्तानी हुने व्यवस्था छ । लागत अनुमान रु ६४०५७८ रहेको गुम्बा घडेरी निर्माण वडा नं ८ को निर्माण कार्यको लागि उपभोक्ता समिती र गाउँपालिका बीच सम्झौता भइ रु ६४०८८८ को कार्यसम्पन्न प्रतिवेदन पेश गरी रु ६००००० भुक्तानी भएकोमा कार्य सम्पन्नमा ५२ थान २×१×१ को जाली खरिद गरेको प्रति जाली ३१५७।२१ ले हुने रु १६४१७५।१२ मूल्याङ्कन गरी सोही अनुसार भुक्तानी भएको छ । तर उपभोक्ता समितीले ४० थान २×१×१ को जाली खरिद गरेको बिल पेश गरेको छ ।कार्यसम्पन्नमा भन्दा १२ वटा जाली कम खरिद भएकोले प्रति जाली रु ३१५७।१२ ले हुने रु ३७८८६।५२ र १ जाली भरेको प्रति घनमिटर २७९३।५८ ले २४ घनमिटरको रु ६७०४५।९२ समेत कुल रु १०४९३२ सम्बन्धित उपभोक्ता समितीसंग असुल गर्नुपर्ने रु | १०४९३२ |
| ४४. | **डोजरको आम्दानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सोही अनुरुप भुक्तानी हुने व्यवस्था छ ।लागत अनुमान रु ६३६५४९ रहेको फापरस्वारा मान्केनिङ च्यानपाटी सडक निर्माणको लागि उपभोक्ता समितीसंग सम्झौता गरि रु ६४१७४२ को कार्यसम्पन्न प्रतिवेदन पेश भइ रु ६००००० भुक्तानी भएको छ । सडक निर्माणको लागि कार्यसम्पन्न प्रतिवेदन अनुसार गाउँपालिकाको डोजर प्रयोग गरी रु ५२३४९१ मूल्याङ्कन गरिएकोमा गाउँपालिकाले डोजर प्रयोग बापत रु ४६०००० मात्र आम्दानी देखाएको छ । जसको कारण डोजर प्रयोग बापत उपभोक्ता समितीलाइ भएको भुक्तानी भन्दा गाउँपालिकालाइ रु ६३४९१ कम आम्दानी भएको देखिन्छ । मूल्याङ्कन भन्दा बढी घटी आम्दानी भएको रकममा उपभोक्ता समितीको योगदान ९.७१ प्रतिशत घटाइ बाकी रहेको रकम रु ५७४५३ सम्बन्धित उपभोक्ता समितीसंग असुल गर्नुपर्ने रु | ५७४५३ |
| | **ठेक्का ब्यवस्थापनः** | |
| ४५. | **सडक सफा गर्ने कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१) मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य शिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्ने तथा नियम ३१(१) मा २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले गाउँपालिकाभित्रका सडक सफा गर्न भनि आ.व. ०७६।७७ मा रु ४० लाख बजेट विनियोजन गरेको पाइयो । मिती २०७६।५।२१ गतेको ३२औ कायपालिका बैठकको निर्णय नं ३ अनुसार ०७६ सालको वडा दशैलाई मध्यनजर गर्दै पालिका भित्रका विभिन्न सडक सफा गर्न २०० सिसि माथिका कन्डिसनमा रहेका एक्साभेटरहरु मू.अ.कर बाहेक तेल समेत रु ४६०० प्रतिघण्टामा नबढने गरी सूचना प्रकाशन गरी घटाघटको माध्यमद्धारा उलब्ध गराउने निर्णय अनुसार मिती २०७६।५।२२ मा ७ दिने सूचना प्रकाशन गरिएकोमा पेश भएका ७ वडा दररेट खोल्दा सबैभन्दा घटि प्रति घण्टा ४३०० मू.अ.कर बाहेकको जन्मभूमि कन्स्ट्रक्सन प्रा.लि. को दररेट भएकोमा छोटो समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्ने कारण जनाइ बढी दररेट पेश गर्ने निर्माण व्यवसायीलाइ पनि सोही दरमा काम गर्न | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | इच्छुक भए काम गर्न दिने भनी गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको हस्ताक्षर गरी मिती २०७६।६।१४ मा निर्णय गरेअनुसार निम्न निर्माण व्यवसायीहरुलाइ निर्माण कार्यमा संल्गन गराइ निर्माण कार्य गराइएको छ । सार्वजनिक खरिद नियमावलीको व्यवस्थाअनुसार शिलबन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमद्धारा गर्नुपर्ने कार्य दररेट माग गरी गरिएको र त्यसमा पनि दररेट बढी भएको कारण प्रतिस्पर्धाबाट बाहिरिनु पर्ने निर्माण व्यवसायीलाइ पनि समावेश गरी ऐन नियमको प्रतिकुल हुने गरी भएको निर्माण कार्य एवं भुक्तानीलाइ नियमसम्मत मान्न नसकिएको रु | ८६७००१८ |

| भौ.नं/मिती | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता | मूल्याङ्कन | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १४३/०७७ ।३।२९ | खहरे सोइसाङ च्यासार्पा सडक खण्ड | जन्मभूमि कन्स्ट्रक्सन | ०७६।६।१४ | ८७०८१३ | ८७६८१७ |
| १३७/०७७ ।३।२८ | वडा नं ६को साविक ,९ देखि चिलङ्गा स्याखु सम्म र खोपाचाँगु देखि थामीचागु सम्म | महिमा निर्माण सेवा | ०७६।६।१४ | २३९१८८९ | २३९०००० |
| १४९/०७७ ।३।३० | बुक्माडाडा तुन्मुनडाँडा छोइताङ रुपथाङ सडक खण्ड, ढिङसाङ दोलोइसा विगु सडक खण्ड ,वडा नं ८ दमाइडाडा विगु गुम्बा सडक खण्ड | मुनाल कन्स्ट्रक्सन | ०७६।६।१४ | २१५५६४९ | २००७७३९ |
| १४५/०७७ ।३।२९ | सोरुङ ढाक्रेबोट लोटिङ खार्ताल स्याखु सडक खण्ड, स्याखु ढुंगाखानी सडक खण्ड, ढाक्रेबोट फेन्दर सडक खण्ड, ढाक्रेवोट च्यासार्पा झोरुङ सडक | चक्रेश्वर विल्डर्स एडं कन्स्ट्रक्सन | ०७६।६।१४ | २२१४२४० | २२१४२४० |
| १४४/०७७ ।३।२९ | झोरुङ लिङवा सडक,मसने गुजिपा लोङठोङ सडक | जन्मभूमि कन्स्ट्रक्सन | ०७६।६।१४ | ११८१२२२ | ११८१२२२ |
| | **जम्मा** | | | | ८६७००१८ |

| | | |
|---|---|---|
| ४६. | **सोरुङ खोला खोपाचागु बिगु थिङसाङ सडकः**लागत अनुमान रु १९४८१२७६।५६ रहेको सोरुङ खोला खोपाचागु बिगु थिङसाङ सडक स्तरोन्नती कार्यको लागि मिति २०७५।१२।१५ मा सूचना प्रकाशन गरी बोलपत्र आव्हान गरिएकोमा पेश भएका ६ वटा वोलपत्र मध्ये ३ वटा निर्माण व्यवसायीले बोलपत्र जमानत पेश नगरेको कारण Disqualified भइ बाकी रहेका ३ वटा वोलपत्रमध्ये घटीवाला साकुरा निर्माण सेवा महाराजगंज काठमाडौंको रु १२३४६५१४।५४ को कबोल अंक स्वीकृत भइ मिती २०७६।२।७ मा सम्झौता भए बमोजिम निर्माण कार्यको अवधि ०७६।८।७ सम्म कायम गरिएको छ। गत आर्थिक वर्षमा उक्त निर्माण व्यवसायीले रु ४५०८११९।६३ भुक्तानी लिएको छ । यसमा देखिएका व्यहोरा निम्नानुसार छन् । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४६.१. | सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ११०(४) मा खरिद संम्झौतामा अन्यथा ब्यवस्था भएकोमा बाहेक कार्य सम्पादन जमानतको मान्य बवधि त्यस्तो संम्झौतामा उल्लेखित निर्माण कार्यको त्रुटी सच्याउने दायित्व को अवधि मन्दा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । शुरु लागत अनुमान रु १२३४६५१४।५४ रहेको उक्त निर्माण कार्यको Gabion check/toe wall slope protection (item no. 2 in BOQ) १७५७ घनमिटर बाट बढाइ १९७८ घनमिटर र १:४ को स्टोन मेशिनरी कार्य ११५.२० घनमिटरबाट २०७.४८ कायम गरी रु १४११८८७६।९८ को भेरियसन पश्चात लागत अनुमान स्वीकृत भएको छ । भेरिएसन आदेश गाउँपालिका अध्यक्षबाट स्वीकृत भएको र भेरिएसन शुरु लागत अनुमानको १४.३५ प्रतिशत बढी रहेको छ । भेरिएसन गर्नुपर्नाको कारण सडक स्तरोन्नती गर्दा शुरु लागत अनुमानमा उल्लेख भएको ग्याबिन बक्स लगाउने र स्टोन मेसिनरीको कार्य थप गरी सडक संरक्षण गर्नुपर्ने आवश्यकताले भन्ने कार्यालयको भनाइ रहेको छ । निर्माण व्यवसायीले १३६७४३४७।९३ बराबरको मूल्याङ्कन तथा अन्तिम बिल समेत पेश गरी रु १२७८२९२९ भुक्तानी लिएको छ । | |
| ४६.२. | निर्माण कार्य गर्दा तयार गरिएको शुरु लागत अनुमानमा १:४ स्टोन मेशिनरीको कार्य ११५.२० घनमिटर गर्ने र सोको दर प्रति घनमिटर रु ६००० दर राखिएकोमा भेरिएसन पश्चात उक्त कार्य परिमाण २०७.४७ घनमिटर कायम भएकोमा मूल्याङ्कन अनुसार १४४ घनमिटरको कार्य BOQ कै दर प्रति घनमिटर रु ६००० मा गरेको र बाकि ६३.४८ घनमिटरको दर रु ९८०१.६९ राखी रु ६२२११३।२६ भुक्तानी भएको छ । निर्माण व्यवसायीसंग वार्ता गरी थप भएको काममा पनि BOQ कै दरमा कार्य गराउनु पर्नेमा प्रति घनमिटर ३८०१.६९ दरले बढी भुक्तानी भएको ६३.४७ घनमिटरको हुने रु २४१३३१ निर्माण व्यवसायीसंग असुल गर्नुपर्ने रु | २४१३३१ |
| **४७.** | **ब्याकहो लोडरद्धारा बाटो मर्मत तथा निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१) मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य शिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले लागत अनुमान रु १८३४३०४ रहेको सोरुङ खोला ढाक्रेबोट सडक खण्ड, सोरुङखोला खोपा चाँगु सडक खण्ड र जमुना प्रा.वि. अमाडोल सडक खण्ड मर्मत तथा निर्माणको लागि मिती ०७६।४।१४ मा ब्याकहो लोडर भाडामा लिने सूचना प्रकाशन गरेकोमा भुगोल इन्फ्रास्ट्रक्चर प्रा.लि. को मात्र रु ३००० प्रति घण्टा मू.अ. कर बाहेकको दररेट मात्र पेश भएकोमा निजलाई नै उक्त निर्माण कार्य गर्न दिइ रु १८३५६४७ को मूल्याङ्कन पेश गरी भौ.नं/मिती १३३/०७७।३।२८ बाट रु १८३५६४७ भुक्तानी गरेको छ ।निज निर्माण व्यवसायीसंग कहिले सम्झौता भएको हो स्रेस्ताबाट खुलेको छैन । सार्वजनिक खरिद नियमावलीको प्रावधान विपरित शिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्नेमा सम्झौता वेगर एउटाको मात्र दररेट लिइ सिधै खरिद गरी भुक्तानी भएको रकम नियमसंगत नभएको रु | ८३५६४७ |
| **४८.** | **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १०)७ (सँग सम्वन्धित अनुसूची १ मा निर्माण कार्यको लागतमा २ प्रतिशत वर्क चार्ज स्टाफ खर्च र २ प्रतिशत सानातिना अन्य खर्च समेत कन्टिन्जेन्सी स्वरुप ४ प्रतिशत समावेश गर्न सकिने व्यवस्था छ । गाउँपालिकाबाट गरिने सार्वजनिक निर्माणमा ४ प्रतिशत कन्टेन्जेन्सी खर्च कटाई भुक्तानी | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरेको छ ।कुल कन्टीजेन्सी रकम रु ३२२८३६९ कट्टी गरि एकमुष्ट रुपमा संचित कोषमा खातामा ट्रान्सफर गरेको पाइयो। | |
| ४९. | **डीपीआर खर्च –** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| ठिङसाङ धार्मिक तथा पर्यटन पार्क | ग्रिन अर्थ ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रालि | ४९०७३३ | ४९०४२० | १५७६०७०४५।१२ |
| लामाबगर लप्सी सडक | स्टेप कन्स्ट्रक्सन प्रालि | १९९१२८६ | १९९१२८६ | १५७९८६५७४५।८० |
| बिगु गाउँपालिका भवन | बिर्क कन्स्ल्ट प्रालि | १४९९९८६ | १४८९३४० | २६२८८१६४७।८६ |
| **जम्माः** | | ३९८२००५ | ३७११०४६ | २०००३५४४३८।७८ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४९.१. | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु गाँउपालिका भवन बाहेक कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| | **खरिद** | |
| ५०. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. **२८६६१५९** का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | |

| खर्च शीर्षक | भौ.नं/मिती | भुक्तानी पाउने | खरीद | भुक्तानी रकम |
|---|---|---|---|---|
| स्वास्थ्य चालु | ८/०७६।१२।३ | निरिजामा मेडिकल सप्लायर्स, भक्तपुर | औषधी | २९९९५० |
| कोरोना रोकथाम | ४/०७७।२।१५ | वि एंड वि ट्रेडर्स इन्टरनेशनल, काठमाण्डौ | औषधी | ४९०६३५ |
| कोरोना रोकथाम | १२/०७७।३।१२ | निरिजामा मेडिकल सप्लायर्स, भक्तपुर | औषधी | २४४९९९ |
| कोरोना रोकथाम | १९/२०७७।३।२९ | निरिजामा मेडिकल सप्लायर्स, भक्तपुर | औषधी | २४७२०० |
| संघीय चालु | ५९/०७६।१२।९ | निरिजामा मेडिकल सप्लायर्स, भक्तपुर | औषधी | २७००० |
| संघीय चालु | ९८/०७७।३।१ | निरिजामा मेडिकल सप्लायर्स, भक्तपुर | औषधी | ६६१२७५ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| गा.पा. स्वास्थ्य पुजीगत | ४/०७७।३।९ | निरिजामा मेडिकल सप्लायर्स, भक्तपुर | औषधी | १४६८०० |
| गा.पा. चालु | ७२/०७६।८।२ | निरिजामा मेडिकल सप्लायर्स, भक्तपुर | औषधी | ७४८३०० |
| | | | **जम्मा** | २८६६१५९ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५०.१. | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |
| ५०.२. | आपूर्ति हुने औषधि सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | |
| ५०.३. | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ५०.४. | औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, मूल्य नखुलेको । | |
| ५०.५. | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५१. | **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु. | ८९३६०५ |

| क्र.स. | गो.भौ.नं | विवरण | रकम |
|---|---|---|---|
| १ | १०७ | संघीय सशर्त चालु शिक्षा तर्फ सामुदायिक विद्यालयका छात्राहरुलाइ निशुल्क सेनिटरी प्याड व्यवस्थापन | ८९३६०५ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५२. | **सफ्वेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.५५३७०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन यस्ता सफ्वेयर विभागबाट स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |

| क्र.स. | विवरण | रकम |
|---|---|---|
| १ | योजना सफ्टवेयर | २५४२५० |
| २ | जिन्सी सफ्टवेयर | २०३४०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | बेरुजू रकम |
|---|---|---|---|---|
| | ३ | ग्रेड ८ नतिजा ब्यवस्थापन प्रणाली | ९६०५० | |
| | | **जम्मा** | **५५३७००** | |
| | ग्रेड ८ रिजल्ट म्यानेजमेन्ट सिस्टम कार्यान्वयनमा रहेको र योजना एवं जिन्सी सफ्टवेयर लेखापरीक्षण अवधि सम्म पनि कार्यान्वयनमा गएको पाइएन । सफ्टवेयर खरिद उद्देश्य बमोजिम संचालन एवं कार्यान्वयनमा ल्याउनुपर्दछ । | | | |
| ५३. | **सवारीसाधन खरिद** -अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. ३८०४४२ खर्च गरेको छ । | | | |
| ५४. | **डडुवा खोला लादुक खानेपानी योजनाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा सार्वजनिक निकायले बीस लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ । आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३२ मा बजेट विवरण र खर्च गर्ने अख्तियारी पत्र प्राप्त भएको पन्ध्र दिन भित्र सम्बन्धित मन्त्रालयको सचिवले विभागीय प्रमुखलाई र विभागीय प्रमुखले मातहत कार्यालय प्रमुख वा कार्यक्रम संचालन गर्ने कार्यालय प्रमुखलाई बजेट खर्च गर्ने अख्तियारी पत्र पठाउनुपर्ने, अख्तियारी पत्र प्राप्त भइ सकेपछि सम्बन्धित कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयमा बजेट निकासा माग गर्नुपर्ने र कोष तथा लेखा नियन्त्रक कार्यालयले सो कार्यालयको विभिन्न कारोबारको मासिक विवरण पेश भइ सकेको भए निकासा रकम सम्बन्धित कार्यालयको खातामा जम्मा गर्ने व्यवस्था गरिनुपर्ने व्यवस्था छ ।डडुवा खोला सिंचाई योजनाको लागि आर्थिक वर्ष २०७६।७७ मा बाग्मती प्रदेश सरकारबाट समपुरक अनुदान बापत रु ८७५५००० र गाउपालिकाबाट रु ८७५५००० गरी कुल रु १७५१०००० बजेट बिनियोजन भएकोमा प्रदेश सरकारबाट विनियोजित रकम वैशाखमा निकासा भएको र कोभिड १९ को कारण उक्त योजना बोलपत्र आव्हान गरी निर्माण कार्य सम्पन्न गर्न नसकिने भनि २०७७।२।६ को गाउँपालिकाको ३८औ बैठकले मालसामान आपूर्ति मात्र गर्ने भन्ने निर्णय बमोजिम पाइप तथा फिटिङ्गसका सामान खरिदको लागि रु ८३१०६२३ को लागत अनुममान तयार गरी सूचना प्रकाशन गरेकोमा दाखिला भएका ४ वटा बोलपत्र मध्ये ३ वटा सप्लायर्सको बोलपत्र माग गरे अनुरुपको कागजात, अनुभव तथा क्राइटेरिया नपुगेको भनि मारुती ट्रेडर्स मिलन मार्ग त्रिपुरेश्वरको रु ७४७८७३१।०५ को कबोल अंक स्वीकृत गरी ०७७।३।३० मा सामान सहित भुक्तानी लिन आउने गरी सम्झौता गरेको छ । सम्झौता गर्दा सप्लायर्सले स्टक प्रमाणित सम्बन्धमा नेपाल पोलिपाइप प्रा.लि. बालाजुसंग भएको सम्झौता एवं नेपाल गुणस्तर चिन्ह प्राप्त आधिकारिक बिक्रेताको सामान सप्लाई गर्ने र कुनै डिफेक्ट भए बिना पैसा सामान Exchange गरी Delivery समेत गरिदने शर्त पेश गरेको र सोही बमोजिम खानेपानी पाइप लगायत ४५ किसिमका फिटिङ्गसका सामान समेत मिती ०७७।३।३१ मा उपलब्ध गराएको आधारमा भौ.नं./मिती १५६/२०७७।३।३१ मा रु ७४७८७३१।०५ भुक्तानी भएको छ। यसमा देखिएको व्यहोरा यसप्रकार छन । | | | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>५४.१.</td><td>पाइप फिटीङ खरिदः आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३२मा भएको व्यवस्था अनुरुप योजनाको लागि विनियोजित बजेट समयमा निकासा हुन नसकेको र कोभिड १९ को कारण लकडाउनको अवस्थाको कारण निर्माण कार्य बोलपत्रमार्फत गर्न नसकिएको कार्यालयको भनाइ रहेको पाइयो । बजेट खर्च गर्ने अख्तियारी तथा निकासा नियमावलीले तोकिदिएको समयमा दिने र निर्माण कार्य गराउने सम्बन्धमा ततः निकायको ध्यानाकृष्ट हुनु जरुरी देखिन्छ । समपुरक अनुदानको रकम भएको कारण प्रदेश सरकारबाट विनियोजन एवं निकासा भएको रकम निर्माण कार्य सम्पन्न नभइ खर्च हुन नसकेमा फिर्ता पठाउनुपर्ने कानूनी प्रावधान भएको कारण प्रदेश सरकारबाट विनियोजन भइ निकासा भएको रकम खर्च गर्नुपर्छ भन्ने ङ्कमनसायले गाउँपालिकाले योजनाको सिभिल वक्सको कार्य बाँकी राखी उक्त रकमबाट खानेपानी तथा पाइप फिटिङ्गसका सामान खरिद गरी भुक्तानी दिएको स्पष्ट हुन्छ । यस सम्बन्धमा यथार्थता यकिन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५४.२.</td><td>खरिद मौज्दातः खरिद भएका रु७४७८७३१।०५ मुल्यका पाइप तथा फिटिङ्गसका सामान लेखापरीक्षण अवधिसम्म पनि भण्डारमा मौज्दता रहेको अवस्था छ । छनौट भएको योजनामा विनियोजित रकमबाट खरिद भएका पाइप तथा फिटिङ्गसका सामान योजनामा प्रयोग भएको देखिएको छैन । यस सम्बन्धमा गाउँपालिका संग जानकारी माग गर्दा आ.व. ०७७।७८ मा डडुवा खोला लादुक खानेपानी योजना वडा नं २,३ र ४ को लागि प्रदेश सरकारबाट रु ५० लाख रकम प्राप्त भइ उक्त योजना अन्तरगत सिभिल वर्क्सको ठेक्का लगाइ निर्माण कार्य भैरहेको भन्ने जानकारी प्राप्त भएको छ । खरिद भएका पाइप तथा फिटिङ्गसका सामान तोकिएको योजनामा प्रयोग गरी योजना सम्पन्न गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५.</td><td>वील भरपाईः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने ब्यवस्था छ ।पालिकाले विभिन्न कार्यक्रम अन्तर्गत खरिद गरिएको निम्नानुसारको समाग्रीहरु एकमुष्ठ रुपमा वडा सचिव तथा वडा अध्यक्षहरुले बुझीलिएको देखिन्छ । सचिव तथा वडाध्यक्षहरु बुझिलिएको तर लाभग्राहिले बुझेको प्रमाण पेश नहुदा कार्यक्रमको आशय पुष्ठी नभएको हुदा सम्वन्धित लाभग्रीहीले बुझेको प्रमाण पेश गर्नुपर्ने अन्यथा बुझिलिएको ब्यक्तिवाट असुल गरी पालिकाको आम्दानी खातामा दाखिला गरी राखुपर्ने रु.
<table>
<tr><th>क्र स</th><th>कार्यक्रम</th><th>वुझिलिने</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>हाते ट्याक्टर वितरण</td><td>श्रीराम खड्का वडा २</td><td>२ थान</td><td>१२२०००</td></tr>
<tr><td>४</td><td>सिलपोलिन प्लाष्टीक वितरण</td><td>राम नरेश यादव</td><td>१० थान</td><td>३६२८३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१५८२८३</td></tr>
</table></td><td>१५८२८३</td></tr>
<tr><td>५६.</td><td>जिन्सी दाखिलाः आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ४७(१) मा कार्याप्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारवाट प्राप्त हुन आएका जिन्नसी मालसामानको विवरण र मुल्यसमेत खुलाई जिन्सी कितावमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राखुपर्दछ भन्ने ब्यवस्था छ महिला आधारशिला बचत तथा ऋण सहकारी संस्था लाई सेफ खरिद गरेको विल भर्पाई पेश गरि रु १ लाख ९८ हजार भुक्तानी भएको छ । खरिद सामान</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>संस्थाको जिन्सीखातामा आम्दानी बाधेको प्रमाण पेश भएको छैन । खरिद सामान जिन्सी खातामा आम्दानी बाधेको प्रमाण पेश हुनुपर्ने रु..
<table>
<tr><th>क्र स</th><th>विवरण</th><th>सामाग्री</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>महिला आधारशिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड</td><td>सेफ</td><td>१९८०००</td><td>दाखिला नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१९८०००</td><td></td></tr>
</table></td><td>१९८०००</td></tr>
<tr><td>५७.</td><td>शिर्षक फरकः अर्थ मन्त्रालयवाट जारी भएको कार्यसंचालन निर्देशिकाको बुदा नं ३.३.२ बमोजिम खर्च शिर्षक बर्गिकरण र ब्याख्या बमोजिमको सम्वन्धित खर्च शिर्षकमा बजेट खर्च लेखुपर्दछ । गाँउपालिकाले बजेट खर्च शिर्षक २११११ पारीश्रमीक कर्मचारी बाट देहायबमोजिमको बजेट खर्च शिर्षक ३११२२ मेशिनरी तथा औजार समेतमा खरिद गरेको पाइयो पालिकाले रु२२५१५२५ को आ.ब को अन्त्यमा संघिय शशर्त अनुदानको फिर्ता गर्नुपर्ने रकमवाट बजेट फ्रिज नगर्ने उद्धेश्यले खर्च शिर्षक फरक पारी सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बिपरीत हुने गरी सौझै खरिद गरेको नियमसम्मत नदेखिएको रु</td><td>२२५१५२५</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>क्र.स.</th><th>गो.भौ,नं/मिति</th><th>विवरण</th><th>सामाग्री</th><th>रकम</th></tr>
<tr><td>१</td><td>१६३/२०७७।३।३१</td><td>काठमाडौं टोनर हाउस एडं स्पेयर पार्टससंग कार्यालय सामाग्री खरिद</td><td>डेस्कटप -५ सेट</td><td>४८७५९५</td></tr>
<tr><td>२</td><td>१६६/२०७७।३।३१</td><td>मन्डली बिजनेस लिङ्क संग कार्यालय सामाग्री खरिद</td><td>ल्यापटप — ३ सेट<br>प्रोजेक्टर — १ सेट</td><td>४९३२४५</td></tr>
<tr><td>३</td><td>१६७/२०७७।३।३१</td><td>रुहि नेपाल प्रा.लि. संग खरिद</td><td>ल्यापटप - ३ सेट<br>प्रोजेक्टर- १ सेट</td><td>४९३२४५</td></tr>
<tr><td>४</td><td>१६८/२०७७।३।३१</td><td>द बेस्ट इन्टरप्राइज संग खरिद</td><td>फोटोकपी मेसिन - १० सेट</td><td>३५०३००</td></tr>
<tr><td>५</td><td>१६९/२०७७।३।३१</td><td>बी एडं बी ट्रेड सेन्टर संग खरिद</td><td>ल्यापटप - ३ सेट<br>फ्रिज - २ सेट</td><td>४२७१४०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>२२५१५२५</td></tr>
</table></td><td></td></tr>
<tr><td>५८.</td><td>गत आ.ब.को भुक्तानी ः आर्थिक कार्यविधि नियमावलि २०६४, को नियम ४०(७) मा गत आ.ब.को रकम भुक्तानी गर्दा चालु बर्षको कार्यक्रमलाई असर नपर्ने गरी भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणीत भएको अवस्थामा मात्र भुक्तानी गर्न सकिने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको भुक्तानी गरेकोमा प्रमाणित विवरण पेश हुन आएन । भुक्तानी बाँकीको प्रमाणित कच्चावारी वेगर को भुक्तानी खर्च नियमसम्मत नदेखिएको रु....</td><td>१७५००००</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>क्र.स.</th><th>गो.भौ.नं/मिती</th><th>भुक्तानी विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>९/०७७।८।१७</td><td>वडा कार्यालय निर्माण आलम्पु</td><td>८२००००</td></tr>
<tr><td>२</td><td>१०/०७७।८।१७</td><td>कृषि वन अनुसन्धान तालिम केन्द्र</td><td>९३००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१७५००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५९.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक सोलिङ र पदमार्ग निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४९० जनालाई रोजगारी उपलव्ध गराई रु. ४३४७२६८ खर्च गरेको छ । लक्षित वर्गलाई ३ दिनदेखि १५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| | **सामाजिक सुरक्षातर्फ** | |
| ६०. | **सामाजिक सुरक्षातर्फः** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी पालिकाले रु ६२३०१६०० निकासा खर्च लेखेको पाइयो । नमूना छनोटको आधारमा वडा नं १ र ५ को परीक्षण गर्दा निम्नानुसार देखिएको छ । | |
| ६०.१. | **नाम नबिकरणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा ७ (१) बमोजिम नाम नविकरण नगरि विगत वर्षहरुमा भत्ता पाइ राखेकाहरुको नामावलीलाई नै नविकरण मानी भत्ता वितरण गर्ने गरेको देखिन्छ । पालिकाले लाभग्राहीहरुको नामावली कार्यविधीमा उल्लेखित भए बमोजिम नविकरण गराउनुपर्ने देखिन्छ । | |
| ६०.२. | **बैंक मार्फत भत्ता वितरण ःः—** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्बन्धित लाभग्राहीहरूको नाममा बैंक खाता मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बैंक खाता मार्फत भुक्तानी नगरी नगदै भुक्तानी गरेकोले निर्देशिकाले तोकेबमोजिम गरी सामाजिक सुरक्षा भत्ता बैंकमार्फत वितरण/खर्च गर्नुपर्दछ । | |
| ६०.३. | **सामाजिक सुरक्षा कार्यक्रमः** पालिकाले सामाजिक सुरक्षा वितरण गर्दा निम्नानुसारको रु ५६००० दोहोरो भुक्तानी भएकोले असुल गरी संघीय संचितकोष खातामा दाखिला हुनुपर्ने रु | ५६००० |

| वडा नं | किस्ता | सि.नं. | सा.सु. किसिम | नाम थर | जन्म मिती | ना.प्र.नं. | दोहोरो हुन गएको रकम | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रथम | १७ र ११५ | जे.ना. अन्य/विधवा | छोइनि तामाङ/छोइली तामाङ | २००३/४/२५ | ८२ | १२००० | १२००० |
| १ | प्रथम | ४२ र १३२ | जे.ना. अन्य/विधवा | पासाङ फुटी शेर्पा | १९८८/४/३ | २९७/२८३ | १२००० | १२००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रथम | १३३ र १३४ | विधवा | पेमफुटी शेर्पा | २००८/३/१५ | ३२४८/३८७५ | ८००० | ८००० |
| १ | दोस्रो | १७ र ११८ | जे.ना. अन्य/विधवा | छोइनि तामाङ/छोइली तामाङ | २००३/४/२५ | ८२ | १२००० | १२०००० |
| १ | दोस्रो | ४२ र १३५ | जे.ना. अन्य/विधवा | पासाङ फुटी शेर्पा | १९८८/४/३ | २९७/२८३ | १२००० | १२००० |
| | | | | | | | **जम्मा** | ५६००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **विपद् व्यवस्थापनः** | |
| ६१. | **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको १६ जनाको समिती गठन भई २ वटा बैठक बसेको पाइयो। ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ६१.१. | **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्थामा सो भए गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ६१.२. | **कोष —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. ५०८५८७३ आम्दानी भई रु. ५०५८२९१ खर्च गरी बाँकी रु. २७५८२ देखिन्छ । पालिकाले खर्च मध्ये रु. ७ लाख चीन बाट राहत सामाग्री लिन जादा भुक्तानी गरेको देखिन्छ । | |
| ६१.३. | **वार्षिक प्रतिवेदन —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| | **कोभिड १९ सम्बन्धमा** | |
| ६२. | कोभिड १९ विशेष लेखापरीक्षणसंग सम्बन्धित गाउँपालिका बाट प्राप्त विवरण र सोको परीक्षण अनुसार २०७७ असार मसान्त सम्म रु ५०८५८७३ आम्दानीमा रु ५०५८२९१ खर्च भइ रु २७५८२ बाकी देखिएको छ । २०७७ असोज मसान्तसम्म थप आम्दानी तथा खर्च भएको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन । | |

| बजेट। आम्दानी | ०७७ असार मसान्त सम्म | ०७७ आश्विन | खर्च शिर्षक | ०७७ असार | ०७७ आश्विन |
|---|---|---|---|---|---|

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | मसान्त सम्म | | | |
|---|---|---|---|---|---|
| स्थानिय तहको आफ्नै बजेट | ३८८१७४८ | ०० | क्वारेन्टाईन होल्डिङ सेन्टर ब्यवस्थापन | १६७७४०६ | ०० |
| अन्य स्रोत | २०४१२५ | ०० | राहत ब्यवस्थापन | ३८५५१० | ०० |
| प्रदेश कोभिड कोषबाट | १०००००० | ०० | औषधि तथा समाग्री खरिद | ४५०८५४ | ०० |
| | | ०० | अन्य शिर्षकको खर्च | २५४४५२१ | ०० |
| | | ०० | बाकी | २७५८२ | ०० |
| **जम्मा** | **५०८५८७३** | ०० | | **५०८५८७३** | ०० |

१. गाउँपालिकाले ४२ स्वास्थ्यकर्मी र ९ प्रशासनिक कर्मचारी समेत ५१ जनालाइ रु १४५०००० जोखिम भत्ता वितरण गरेको देखियो ।

२. पालिकाले ३ आपूर्तिकर्ताबाट सेनिटाइजर, पि.पि.इ सेट ३ रु ९७३० का दरले, माक्स ८००० वटा रु १० का दरले , इन्फ्रारेड थर्मोमिटर ३ वटा रु १०००० का दरले लगायत रु ५१९१९९ का औषधी तथा स्वास्थ्य सामाग्रीहरु सोझै खरिद गरेको देखिएको छ।

३. गाउँपालिकालाइ माक्स, पि.पि.इ, थर्मल गन, एन ९५ मास्क समेत १२५०० परिमाणमा स्वास्थ्य सामाग्रीहरु चीन सरकार बाट प्राप्त भएको देखिन्छ ।मुल्य नखुलेका उक्त सामाग्रीहरु लेखापरीक्षण अवधि २०७७।१२।०९ सम्म मौज्दात रहेको विवरणबाट देखिएको छ ।

४. पालिकास्तरीय १ केस इन्भेस्टिगेसन तथा कन्ट्र्याक्ट ट्रेसिंङ टिम गठन भई खोज पडतालबाट पहिचान भएका संक्रमित ९ जना रहेको विवरण प्राप्त भएको छ ।

५. पालिका अन्तर्गत विभिन्न ९ स्थानमा ४२५ वेड संस्थामा क्वारेन्टाइन एवं होल्डिङ सेन्टर स्थापना गरी दैनिक रुपमा १७२ जना उक्त सेन्टरमा बसेको देखिन्छ ।उक्त क्वारेन्टाइन निर्माणको लागि टेन्ट, भाडाकुडा, साबुन लगायतका २२ सामाग्रीहरु सिधै खरिद गरी रु १४६६५२६ खर्च गरेको देखिन्छ ।

६. चीन सरकारबाट प्राप्त स्वास्थ्य एवं खाद्यान्न सामाग्री प्राप्त गर्दा ढुवानी लगायतको खर्च रु ७ लाख र भारत लगायतको मुलुकबाट आएकालाइ पालिका अन्तर्गतको क्वारेन्टाइनमा पुऱ्याउन भाडा खर्च रु ५१८४०० भएको देखियो ।

७. पालिकाले क्वारेन्टाइनमा बसेका १४२ जनालाइ दैनिक रु १९० का दरले खाना खाजा बापत रु ३८५५१० राहत स्वरुप नगद वितरण गरेको देखियो ।

८. गाउँपालिकाले जिल्ला समन्वय समिती मार्फत जिल्ला विपद व्यवस्थापन कोष अन्तर्गत संचालित प्रा. स्वा.के. चरीकोट अस्पताललाई रु २ लाख गाउपालिका चालु शिर्षकबाट भुक्तानी गरेको देखियो । उक्त कोष संचालन कार्यविधि बमोजिम संचालन भएकोमा बिलभरपाइ प्रा. स्वा.के. चरीकोट अस्पतालमा नै रहने व्यवस्थामा उक्त रकम असार मसान्त सम्म खर्च भएको छैन ।

| | | |
|---|---|---|
| ६३. | **चीन सरकारबाट प्राप्त राहतः** लेखापरीक्षणबाट प्राप्त विवरण अनुसार कोभिड १९ को कारणले लकडाउनमा खाद्यान्न अपुगलाई सहयोग गर्ने उद्देश्यले गाँउपालिकालाई चीन सरकार डिन्ग्री काउन्टी सिगारसे (तिब्बत) बाट मिती २०७७।२।२ मा प्राप्त भएको खाद्यान्न चामल, पिठो, | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तेल, चिनी, दुध , चिया, नुन समेतको ३०३१ बोरा कार्टुन विभिन्न तौलका ६०९८५ के.जी तौलका मुल्य नखुलेका राहत खाद्यान्न सामाग्री प्राप्त भएको देखिएको छ ।<br>उक्त खाद्यान्न राहत सामाग्रीहरु संस्था तथा वडागत रुपमा र कुनै उपभोक्ता समितीको कार्यमा, गुम्बामा एवं पहिरो विपद व्यवस्थापनका लागि वडागत रुपमा भएको सामाग्री वडा मार्फत र अन्य वितरण पालिका मार्फत व्यक्ति तथा संघसस्थालाई वितरण गरेको देखिन्छ । उक्त राहत सामाग्री मुल्य नखुलेकोले आर्थिक विवरणमा मूल्याङ्कन गरी समावेश हुन नसकेको, कुनै पनि सम्झौतापत्र नगरी समन्वयको भरमा प्राप्त भएको खर्च भएर जाने जिन्सी खातामा आम्दानी बाधेको र भर्पाइ मार्फत वितरण गरेको अवस्था देखिएको छ । प्राप्त राहत खाद्यान्न सामाग्रीको प्राप्ती, वितरण र बाकीको अवस्था यस प्रकार छ । | |

| क्र.सं. | विवरण | चामल(बोरा) | पिठा (बोरा) | तेल( काटुन) | चिनी( बोरा) | दुध( काटुन) | चिया( काटुन) | नुन( बोरा) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | एकमुष्ट वितरण | ७८६ | ४५५ | २०४ | २७३ | १५२ | ४२२ | २४३ | २५३५ |
| २ | खुद्रा वितरण | १५९ | ४० | २ | २३ | २ | ३९ | १९ | २८४ |
| ३ | बिग्रेको (बुझिलिदा) | २ | ४ | ० | ० | २ | ० | ० | ८ |
| ४ | बिग्रेको (स्टोर गर्दा) | | ५ | | | | | | ५ |
| **जम्मा वितरण तथा खर्च** | | **९४७** | **५०४** | **२०६** | **२९६** | **१५६** | **४६१** | **२६२** | **२८३२** |
| **जम्मा प्राप्त** | | **१००४** | **५०४** | **२५०** | **३००** | **१८०** | **५००** | **२९३** | **३०३१** |
| **जम्मा बाकि** | | **५७** | **०** | **४४** | **४** | **२४** | **३९** | **३१** | **१९९** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६३.१. | **राहत मौज्दातः** बाकी परिक्षण लेखापरीक्षण अवधि सम्म पनि स्टोरमा नै रहि रहेको अवस्था छ । बुझिलिदा नै २ बोरा चामल, ४ बोरा पिठो, २ कार्टुन दुध पाउडर बिग्रेको अवस्था रहेको, स्टोर गर्दा गर्दै नै ५ बोरा पिठो बिग्रिएको र हाल बाकी रहेको मौज्दात बिग्रन सक्ने र म्याद समाप्त हुने अवस्थामा रहेको देखिन्छ ।यस सम्बन्धमा पालिकाले उचित व्यवस्थापन गर्नुपर्ने देखिएको छ । | |
| ६४. | **जग्गा प्राप्तीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । गाउँपालिकाले मिती २०७६।९।२३ देखि ०९।२८ सम्म गाउँपालिकाको ०७६।९।२२ निर्णयअनुसार निम्नानुसारको गाउँपालिकाको भवन निर्माणको लागि अपुग जग्गा व्यक्तिहरुबाट निशुल्क प्राप्ती गरेको विवरणबाट देखिन्छ । | |

| सि.नं. | विवरण | स्थान | प्राप्त क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | दिल बहादुर ठकुरी | विगु ४ लादुक | ४५० वर्ग मिटर | साविक कित्ता ७३५ बाट ३५० वर्ग किमी आइसकेको र साविक कित्ता नं ७४२ बाट कीत्ता आउँन बाकी रहेको |
| २ | बल बहादुर थापा | विग ४ लादुक | ११४१ वर्ग मिटर | साविक कित्ता नं ७३६ बाट प्राप्त भैसकेको । |
| ३ | राम बहादुर ठकुरी | | ५०३ वर्ग मिटर | साविक कित्ता नं ७४० बाट प्राप्त भैसकेको |
| ४ | धनबहादुर कार्की | | २३८ वर्गमिटर | साविक कित्ता नं १४७४ बाट प्राप्त भैसकेको |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ५ | किरण कुमार ठकुरी | | ४०१ वर्गमिटर | साविक कित्ता नं ७४३ बाट प्राप्त भैसकेको |
| ६ | सरल ठकुरी | | २९९ वर्गमिटर | साविक कित्ता नं ७४४ बाट प्राप्त भैसकेको |
| ७ | पवित्रा ठकुरी | | १११३ वर्गमिटर | साविक कित्ता नं ७४१ बाट ६९९ वर्गमिटर र कित्ता नं १४७५ बाट ४१८ वर्गमिटर प्राप्त भैसकेको । |
| | **जम्मा** | | **४०८५ वर्गमिटर** | |

६५. **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम-** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ५ परियोजना सञ्चालन गर्न रु. ११८५०००० बजेट प्राप्त भएकोमा रु. ७९८८३८१ खर्च भएकोमा उक्त योजनाको प्रगति विवरण पेश हुन नआएकोले भौतिक प्रगति यकिन गर्न सकिएन।

| आयोजनाको प्रकार | आयोजनाको संख्या | बजेट रकम | खर्च रकम | वित्तीय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| स्थानीय पूर्वाधार विकास | ३ | ५९२५००० | ३९९७५०० | ६७ | नखुलेको |
| प्रदेश पूर्वाधार विकास | २ | ५९२५००० | ३९९०८८१ | ६७ | नखुलेको |

६५.१. उल्लेखित ५ आयोजना मध्ये १ योजना ठेक्काबाट र ४ योजनाहरु उपभोक्ता समितिवाट गराएको देखिन्छ । उपभोक्ता समिति मार्फत संचालित योजनामा हेभि इक्युपमेन्ट प्रयोग गरेको, प्राविधिक पक्ष समेतको भएका जटील संरचना निर्माण गरेको, सम्पन्न योजनाहरुको मर्मत संम्भारको व्यवस्था नगरेको जस्ता कार्यहरु भएको देखिन्छ । जुन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ विपरीत देखिन्छ ।

**स्वास्थ्य तर्फ**

६६. **औषधिको लोगो—** गाउँपालिकाले खरिद गरेका औषधिहरूमा "नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी" भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधिहरू मध्ये नमूना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिमका औषधिहरूमा निम्नानुसार रहेको पाइयो ।

| सि.न | औषधिको नाम | म्याद समाप्त हुने मिति | निशुल्क वितरणको लोगो |
|---|---|---|---|
| १ | paracetamol (500 mg) | October 2022 AD | ins. supply |
| २ | Amoxycllun (500 mg) | May 2023 AD | ins. supply |
| ३ | Nietroxidazole(400 mg) | March 2023 AD | free distribution only |
| ४ | Cetrizine (10 mg) | Nov 2022 AD | नभएको |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | ५ | Cipro ( 500 mg) | Dec 2021 | ins supply | |
| ६६.१. | **म्याद समाप्त औषधिः** लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार अ.ब. ०७६/०७७ मा विभिन्न ३ प्रकारको एमोक्सिलिन पारासिटामोल, सेक्ट्रीजिम औषधीहरु १३२० परिमाणका मुल्य नखुलेको खरिद तथा हस्तान्तरण भई अएका औषधिहरु म्याद भित्र वितरण नगरी अवधि समाप्त भएको पाइयो । म्याद भित्र औषाधि वितरण नगर्दा एकातर्फ लाभग्राही सेवावाट बन्चीत हुन जाने र अर्को तर्फ पालीकाको थप आर्थिक नोक्सानी ब्यहोर्नुपर्ने अवस्था देखिन्छ । अतः औषधिहरु म्यादभित्र वितरण गर्नेतर्फ ध्यान दिनुपर्दछ । | | | | |
| ६६.२. | **दाखिला प्रतिवेदन नभएकोः** पालिकाको विभिन्न मितिको निर्णयानुसार निम्नानुसारको स्वास्थ्य संस्थाहरूमा औषधि तथा अन्य सामानहरू हस्तान्तरण फाराम मार्फत पठाएकोमा ७ दिन भित्र दाखिला प्रतिवेदन समेत पठाइ दिनु भन्ने निर्णयमा उल्लेख छ । पालिकावाट खरीद एवं हस्तान्तरण भई आएका निम्नानुसारका हस्तान्तरण फाराम मार्फत गएका समान तथा औषधिहरूको लेखापरीक्षण मिति ०७७।१२।९ सम्म दाखिला प्रतिवेदन सम्वन्धित स्वास्थ्य संस्थावाट पठाएको पाइएन । ह.फा. मार्फत गएका सामानहरूको दाखिला प्रतिवेदन हुनुपर्दछ । दाखिला प्रतिवेदन नभएका केही उदाहरणहरुः | | | | |

| सि न | स्वास्थ्य संस्थाको नाम | हृ फा। नं निर्णय मिति | ह.फा परीमाण | कैफियत |
|---|---|---|---|---|
| १ | लादुक स्वा. चौकी | ०७६।११।९ | पारासिटामोल आईव्रिफिन लगायत विभिन्न ५४ औषधि ८३९० परिमाण | मुल्य खुलेको |
| २ | लामानगर स्वा. चौकी | ०७६।११।८ | मेट्रोनिम्जागोल, रेन्टीडइन लगायत विभिन्न ५१ औषधि १३४३८ परिमाण | मुल्य नखुलेको |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६६.३. | **नम्समा एकरुपता नभएकोः** कार्यक्रम संचालन गर्दा स्पष्ट नम्र्स मापदण्ड निर्धारण गर्नुपर्दछ ।पालिकाले स्वास्थ्य अन्तर्गतको कार्यक्रम संचालन गर्दा यातायात खर्चमा कुनैमा रु ३००।०० प्रतिदिन, केही कार्यक्रममा रु ७००।०० प्रतिदिन र केही कार्यक्रममा रु १०००।०० प्रतिदिनका दरले भुक्तानी गरेको दखिन्छ । कार्यक्रम संचालन तथा यातायात खर्च भुक्तानीको नम्र्स स्पष्ट रुपमा निर्धारण गर्नुपर्दछ । | |
| | **शिक्षा तर्फ** | |
| ६७. | **बिद्यालयहरुको लेखापरीक्षणः** गाउँपालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्दछ । गाउँपालिकाले ४० विद्यालयहरुका लागि रु ११०८९५९१४ विनियोजन गरि निकासा खर्च गरेको छ।गाउँपालिकाले आ.व. २०७६।०७७ को अन्तिम लेखापरीक्षण अवधिसम्म लेखापरीक्षण गराएका विद्यालयको विवरण प्राप्त गरेको देखिएन । बिद्यालयहरुको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी गाउँपालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ । | |
| ६७.१. | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । | |

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | जन प्रावि विगु-६ | २ | २ | ० | ४१ |
| २ | थम्पु मावि विगु-६ | ८ | ८ | ५ | २४५ |
| ३ | मानेडाँडा आवि विगु-६ | २ | २ | २ | ५४ |
| ४ | सरस्वती आवि विगु-७ | ३ | ३ | १ | ३३ |
| ५ | देउढुङ्गा आवि विगु-७ | ३ | ३ | ३ | २६ |
| ६ | गौरीशंकर मावि विगु-७ | ९ | ९ | ४ | २९७ |
| ७ | बुलुङ्खानी आवि विगु-३ | ३ | ३ | १ | २४ |
| ८ | कालीदेवी आवि विगु-३ | २ | २ | १ | २० |
| ९ | जनकल्याण आवि विगु-३ | १ | १ | ० | ८ |
| १० | भिरमुनि आवि विगु-३ | २ | २ | ० | १७ |
| ११ | शारदा मावि विगु-३ | ९ | ९ | ७ | २४९ |
| १२ | हिमालीदेवी आवि विगु-५ | ३ | ३ | १ | ५१ |
| १३ | हिमालीदेवी आवि विगु-५ | १० | १० | ६ | ३२१ |
| १४ | देवीटार आवि विगु-५ | ४ | ४ | २ | १८७ |
| १५ | सरस्वती आवि विगु-५ | २ | २ | ० | ३२ |
| १६ | कैलेश्वरी आवि विगु-५ | २ | २ | ० | २७ |
| १७ | जनता आवि विगु-५ | २ | २ | २ | १७ |
| १८ | हिमखण्डे भुवनेश्वरी आवि विगु-५ | ३ | ३ | १ | ३६ |
| १९ | चिरकुनथान नमुना आवि विगु-५ | १ | १ | १ | २० |
| २० | सेतीदेवी आवि विगु-५ | १ | १ | ० | ४९ |
| २१ | जमुना आवि विगु-८ | २ | २ | १ | ४३ |
| २२ | कालिन्चोक आवि विगु-८ | ६ | ६ | ३ | ३९४ |
| २३ | हिमालय मावि विगु-८ | १२ | १२ | ४ | ३९० |
| २४ | ढुङ्गेश्वरी आवि विगु-४ | ४ | ४ | २ | ७४ |
| २५ | चित्रे मावि विगु-४ | १० | ५ | ५ | २४४ |
| २६ | ग्याल्सुङ्ग आवि विगु-४ | ३ | ३ | २ | २५ |
| २७ | लिङ्वा आवि विगु-४ | २ | २ | १ | २० |
| २८ | शान्ति आदर्श मावि विगु-४ | १४ | १४ | ३ | ३५७ |
| २९ | नारायणी आवि विगु-४ | ३ | ३ | २ | ३५ |
| ३० | गोगनेश्वरि आवि विगु-१ | ३ | ३ | ० | ५९ |
| ३१ | ठाडीदेउलाङ्ग आवि विगु-१ | ५ | ५ | २ | १३३ |
| ३२ | गौरीशंकर आवि विगु-१ | ४ | ४ | २ | ६४ |
| ३३ | गोंगरडाँडा आवि विगु-१ | १ | १ | ० | १८ |
| ३४ | गौरीशंकर मावि विगु-१ | १२ | १२ | ५ | ३९४ |
| ३५ | ठोङ्ठोङ् आवि विगु-१ | १ | १ | ० | ९ |
| ३६ | देवलिङ्गेश्वर आवि विगु-२ | ११ | ११ | ८ | २९२ |
| ३७ | देउलाङ्खानी आवि विगु-२ | ४ | ४ | ३ | ८९ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|
| | ३८ | शिवलिङ्गेश्वर बालविकास विगु-२ | १ | ० | ० | ८ | |
| | ३९ | ग्रामिण सामुदायिक स्वास्थ्य बाविके विगु-३ | १ | ० | ० | १० | |
| | ४० | टासीछिमे गाछाल गोन्पा विगु-७ | ० | ० | ० | ५७ | |
| | | **जम्मा** | **१७१** | **१६४** | **८०** | **४४६९** | |
| | यस पालिकामा ४० विद्यालयहरु संचालन रहेकोमा १६९ शिक्षक दरबन्दीमा १६४ पदपूर्ति भएको र पदपूर्तिमध्ये ८० शिक्षक करारमा रहेको देखियो । ति विद्यालयहरुमा EMIS अभिलेख अनुसार कुल विद्यार्थी संख्या ४४६८ रहेको देखियो । | | | | | | |
| ६७.२. | **विद्यालयको संख्याः** लेखापरीक्षणको लागि गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार गाउँपालिका अन्तगरगतका ४० विद्यालय मध्ये देहायका विद्यालयमा विद्यार्थी संख्या न्यून रहेको देखियो । यसरी विद्यार्थी संख्या २० जना भन्दा कम रहेका विद्यालयमा शिक्षक, कर्मचारी तलब र प्रशासनिक खर्च बापत आ.व. २०७६।०७७ मा देहाय बमोजिम रकम परिक्षा संचालनको अधारमा निकासा भएको छ ।न्यून विद्यार्थी संख्या रहेको विद्यालयलाई गाउँपालिकाले सुविस्थाका आधारमा विद्यालय संख्या गाभ्ने व्यवस्था गर्नुपर्दछ । | | | | | | |

| विद्यालयको नाम | सञ्चालित कक्षा | विद्यार्थी | शिक्षक | बाल सहयोगी | कर्मचारी | निकासा रकम |
|---|---|---|---|---|---|---|
| मानेडाँडा आवि विगु-६ | बावि-कक्षा ३ | ५४ | २ | | १ | ८०००० |
| कालीदेवी आवि विगु-३ | बावि - कक्षा ३ | २० | १ | १ | १ | १५६५०० |
| जनकल्याण आवि विगु-३ | कक्षा १-३ | ८ | २ | | १ | १५०००० |
| सरस्वती आवि विगु-५ | बावि- कक्षा ३ | ३२ | २ | १ | १ | १५०००० |
| कैलेश्वरी आवि विगु-५ | कक्षा १-३ | २७ | २ | ० | १ | ६२००० |
| जनता आवि विगु-५ | कक्षा १-३ | १७ | २ | ० | १ | ६२००० |
| चिरकुनथान नमुना आवि विगु-५ | कक्षा १-३ | २० | १ | ० | १ | ८०००० |
| सेतीदेवी आवि विगु-५ | बावि-कक्षा ३ | ४९ | १ | १ | १ | १५०००० |
| जमुना आवि विगु-८ | कक्षा १-३ | ४३ | २ | | १ | ६२००० |
| लिङ्वा आवि विगु-४ | बावि-कक्षा ३ | २० | २ | १ | १ | १५०००० |
| गोंगरडाँडा आवि विगु-१ | बावि-कक्षा ३ | १८ | १ | १ | १ | १५०००० |
| ठोङ्ठोङ् आवि विगु-१ | कक्षा १-३ | ९ | १ | ० | १ | ६२००० |
| शिवलिङ्गेश्वर बालविकास विगु-२ | बाल विकास | ८ | ० | १ | ० | ८८००० |
| ग्रामिण सामुदायिक स्वास्थ्य बाविके विगु-३ | बाल विकास | १० | ० | १ | ० | ८८००० |
| टासीछिमे गाछाल गोन्पा विगु-७ | बाल विकास | ५७ | ० | १ | ० | ० |
| थामीचागु बाविके विगु-८ | बाल विकास | | ० | १ | ० | ८८००० |
| **जम्मा** | | **४४६९** | **१९** | **९** | **१२** | **१५७८५००** |

| | | |
|---|---|---|
| ६७.३. | **अभिलेखः** गाउँपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्नेमा गाउँपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राखुपर्दछ । | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६७.४. | **राजश्व बाडफाड र समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ८९२९८०० तलब भत्ता भुक्तानी गरेको पाईयो । | |

| क्र.स. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री शारदा मा.वि. | ३९०००० |
| २ | श्री देविटार आ.वि. | ३०६००० |
| ३ | श्री चित्रे मा.वि. | ६९६००० |
| ४ | श्री कालिन्चोक नि.मा.वि. | ३०६००० |
| ५ | श्री थम्पु नि.मा.वि. | ३९०००० |
| ६ | ठाडिदेउलाङ प्रा.वि. | ३०६००० |
| ७ | देवलिंगेश्वर मा.वि. | ६९६००० |
| ८ | हिमालय मा.वि. | ३९०००० |
| ९ | टासी छिमे गाछाल गोन्पा | ४८०००० |
| १० | हिमखण्डेश्वर प्रा.वि. | ७२००० |
| ११ | देविटार प्रा.वि. | ७२००० |
| १२ | चिर्कुनथान बाविके | ७२००० |
| १३ | मानेडाँडा प्रा.वि. | ७२००० |
| १४ | गौरीशंकर मा.वि. | १०४०००० |
| १५ | देवीटार प्रा.वि. | ६३५८०० |
| १६ | चित्रे मा.वि. | ९१८००० |
| १७ | कालिन्चोक नि.मा.वि. | ९१८००० |
| १८ | हिमालय मा.वि. | ११७०००० |
| | **जम्मा** | **८९२९८००** |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६७.५. | समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसंग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७६.७७ को क्रियाकलाप नं २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान अन्तर्गत ३.१ मा EMIS मा प्रवृष्टि तथ्याङ्कलाई समबन्धित विद्यालयबाट कक्षागत विद्यार्थीको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गो.भौ.नं/मिती ७९/२०७७।२।०७ मा टासि छिमे गाछाल गोन्पा, लामाबगर लाइ विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक खरिदका लागि अनुदान रकम रु २६०६६ निकासा गरेकोमा रु १९७१२ बराबर रकमको पाठ्यपुस्तक वितरण गरेको भरपाई पेश भएकोले रु ६३५४ बढि निकासा भएको देखियो।यसरी बढी निकासा भएको रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु | ६३५४ |
| ६७.६. | **बुक कर्नरको बढी निकासाः** स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसंग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७६.७७ को क्रियाकलाप नं २.७.१३.८ मा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सिकाई सामाग्री एवं कक्षा ८ को परीक्षा व्यवस्थापन अन्तर्गत २.२ मा शिक्षण सिकाइतथा बुक कर्नर व्यवस्थापन अनुदान शीर्षकमा **EMIS**का आधारमा यकिन गरिएको विद्यार्थी संख्याका आधारमा प्रति विद्यार्थी लात रकमले गुणन गरी आएको अंक बराबरको रकम विद्यालयलाई एकमुष्ठ अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं/मिती २३/२०७६।१०।१५ मा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ एवं कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान अन्तर्गत बुक कर्नर अन्तर्गत जन प्रा.वि. लाइ **EMIS Report** का अनुसार ३० विद्यार्थीको रु १५० का दरले रु ४५०० निकासा हुनुपर्नेमा ४१ विद्यार्थीको रु १५० का दरले रु ६१५० निकासा भएकोमा बढी निकासा रकम रु १६५० असुल गरि संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु | १६५० |
| ६७.७. | **छुट रकम समेत भुक्तानीः** आर्थिक कार्याविधी नियमावली, २०६४ को नियम ३६ (३) अनुसार खर्चका बिल भरपाइ सहित त्यसलाइ पुष्टयाइ गर्ने कागजात सहितको लेखा राख्नु पर्ने , भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गो.भौ.नं/मिती १२८/२०७७।३।२२ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत हिमालय मा.वि. लाई रु पुस्तकालय निर्माणमा रु ६५०००० भुक्तानी गरेकोमा उक्त विद्यालयले पुस्तक खरिदमा रु ४५०००० र अन्य सामाग्री खरिदमा रु २००००० खर्च भएको विवरण पेश गरेको छ । विद्यालयले पुस्तकालय निर्माणका लागि पुस्तकहरु खरिद गर्दा ३ वटा कोटेशन लिइ खरिद गरेकोमा अन्जान बुक्स एंड स्टेशनरी सप्लायर्स पान नं ६००७९८०० ले अंकित मुल्यमा १५ % छुट दिने व्यहोरा पेश गरेकोमा उक्त सप्लायर्सलाई रु ४५०००० को १५% छुट रु ६७५०० कट्टी गरी ३८२५०० भुक्तानी गर्नुपर्नेमा रु ४५०००० नै भुक्तानी गरेकोले यसरी सप्लायर्सलाई बढी भुक्तानी भएको रकम रु ६७५०० निजबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु | ६७५०० |
| ६७.८. | **दिवा खाजा अनुदानः** विद्यालय स्रोत कार्यान्वयन पुस्तिका ०७६।७७ को बुदा नं १ मा विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम प्राप्त भएका स्थानिय तहले कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा ० देखि ५ सम्म अध्ययनरत बालबालिकाहरुको लागि विद्यालयगत तथ्याङ्क का आधारमा प्रति विद्यार्थी दैनिक रु १५ का दरले १८० दिनको लागि विद्यालयको खातामा निकासा दिनुपर्ने व्यवस्था छ । विद्यालयहरुले विद्यालय संचालन भएको दिनलाइ आधार मानेर विद्यार्थीको दैनिक हाजिरी पुस्तिका प्रमाणित गरी स्थानीय तहमा संकलन पश्चात थप निकासा दिनुपर्नेमा पालिकाबाट विद्यालय संचालन अवधि समेतको प्रमाणित विद्यार्थी हाजिरी पुस्तक पेश हुन आएन । | |
| ७७.१ | पालिकाबाट प्राप्त जानकारी अनुसार पालिका अन्तर्गतको विद्यालयहरु मिती २०७६।१२।११ देखि लकडाउनका कारण २०७६ असार मसान्तसम्म विद्यालय खुलेको र विद्यार्थीहरु विद्यालय गएको देखिदैन । पालिकाबाट दिवाखाजा बापत रु ६८२५६०० निकासा खर्च लेखेको पाइयो । पालिकाले दिवा खाजा बापतको अनुदान १८० दिन मध्ये लकडाउन अवधिको करिब ४५ दिनको कट्टा गरि निकासा दिनुपर्नेमा विद्यालय बन्द रहेको समयमा असार मसान्तमा निकासा दिएको रकम खर्च नभइ विद्यालयहरुको खातामा नै रहिरहेको देखिन जान्छ ।अतः लकडाउन अवधिको (४५ दिनको) समेत निकासा भएको रकम रु १७०६४०० सम्बन्धित विद्यालयहरुबाट फिर्ता लिइ संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु | १७०६४० |
| ६७.९. | **प्राविधिक विद्यालयः** गाउँपालिकाले यस वर्ष प्राविधिक विद्यालय स्थापना गर्नका लागि आन्तरिक स्रोत, राजश्व बाडफाड (संघ), राजश्व बाडफाड (प्रदेश) र संघीय समानिकरण अनुदानको | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | स्रोतबाट रु २०/२० लाख गरी जम्मा रु ८० लाख बजेट बिनियोजन गरेको देखियो । गाउँपालिकाको समन्वयमा बिगु पोलिटेक्निकल इन्सटिच्युट सब ओभरसियर कक्षा अनुमति मिती २०७६ चैत्र र संचालन ०७७ मंसिर देखि भएको पाइयो । गाउँपालिकाबाट २०७६ असार महिनामा उक्त विद्यालयको पुर्वाधार तयारीको लागि फर्निचर, स्टेशनरी, ल्याब सामाग्री लगायतमा रु ३३२९७२१ को सामाग्रीहरु पटक पटकमा सोझै खरिद गरी हस्तान्तरण गरेको देखिन्छ । हस्तान्तरण भएका सामाग्रीहरु मध्ये किताबहरु सोझै र अन्य सामाग्रीहरु जिन्सी आम्दानी बाधि हस्तान्तरण गरेको देखियो। पालिकाले उक्त अनुदानको सम्झौता एवं कार्यविधी लगायतका कागजात संल्गन नगरेको रु | ३३३९७२१ |
| ६८. | **यान्त्रिक उपकरणः** गाँउपालिकाले खरिद भएका मेसिनरी उद्देश्य बमोजिम संचालन गर्नुपर्दछ । पालिकाबाट १ व्याकहो लोडर , १ एकसाभेटर , १ टीपर र २ वटा एम्बुलेन्स खरिद गरी गत विगत देखि नै संचालनममा रहेको पाइयो । उक्त यान्त्रिक उपकरण संचालन गर्न बिगु गाँउपालिका यान्त्रिक उपकरण संचालन कार्यविधी , २०७४ तयार गरी कार्यान्वयन गरेको छ ।<br>लेखापरीक्षणलाई प्राप्त विवरणअनुसार एम्बुलेन्स तर्फको आम्दानी रु १३२११०० भएकोमा रु १०६५७७७ खर्च भई रु २५५३२३ बचत देखिएको छ ।एम्बुलेन्स बाहेकको यान्त्रिक उपकरणहरुको जम्मा आम्दानी रु २२१५६९५ रहेकोमा खर्च रु ३१२१४५६ भइ ९०५७६१ ले थप आर्थिक व्ययभार परेको देखिन्छ ।गाउँपालिकाले उक्त यान्त्रिक यन्त्रहरुको खर्च भन्दा आम्दानी बढाउने गरी कार्यविधी बमोजिम संचालन गरी यान्त्रिक संचालन कोषको अलग आय व्यय तयार गरी लेखापरीक्षण गराउने, मर्मत, इन्धन, इन्सुरेन्स र चालक खर्च जस्ता व्यवस्थापन खर्च तथा मेसिन प्रतिस्थापन समेत हुने गरी संचालन गर्ने व्यवस्था मिलाउनुपर्दछ । | |
| ६९. | **धरौटी फिर्ता**ः सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२४(२) रिटेन्सन मनि (धरौटी) फिर्ता गर्दा आन्तरीक राजस्व कार्यालयबाट धरौटी गर्दा धरौटी कारोवार वर्षको कर चुक्ता प्रमाण पत्र र कर समायोजन गरेको प्रमाण पेश गरेपछि मात्र धरौटी फिर्ता गर्नुपर्दछ । कार्यालयले निम्नानुसारको धरौटी रकम फिर्ता गर्दा मु.अ.कर समायोजन तथा कर चुक्ता प्रमाण संलग्न नभएको रु.. | १३०००० |

| सि.न | भौन मिति | धरौटी फिर्ता पाउने | फिर्ता रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ७।०७७।३।१४ | अनिल मल्टी कम्पनी प्रालि | १३०००० | मुअकर समायोजनको पत्र नरहेको । |
| | | **जम्मा** | **१३००००** | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७०. | **पेश्कीः** गाउँपालिकाले पेश गरेको वित्तीय प्रतिवेदन मलेप फा नं २७२ को अनुसुचि २३ र सो को अभिलेख अनुसार कार्यालयको कुल हालसम्मको पेश्कि बाँकी रु ४२३४००० देखिएको छ । उक्त बाकी पेश्कि मध्ये गत विगत वर्षको नखुलेको र पालिकामा अभिलेख नरहेको चालु आर्थिक वर्षको पेश्कि बाकी विवरणबाट ९२६८०० देखिन्छ । मिती २०७७।१०।९ बाट लागु भएको आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ बमोजिम म्याद ननाघेको चालु आर्थिक विवरण देहाय बमोजिम फर्छ्यौट हुन बाकी पेश्कि रु ९२६८०० देखिन्छ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| क्र.सं. | प्रकार | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| १ | कर्मचारी | पेमा दोर्जे थोकर | ११२००० |
| २ | ठेकेदार | अनिल मल्टी कं.प्रा.लि. | ३३४८००० |
| ३ | ठेकेदार | पि.आर.के. निर्माण सेवा | ४८०००० |
| | **जम्मा** | | **९२६८००** |

७०.१. उल्लिखित सि.नं. २८३ का व्यवसायिसंग सम्झौता भएका निर्माण कार्यको कार्यसम्पन्न गर्नुपर्ने अवधि २०७७।७।५ सम्म रहेको तर उक्त कार्य प्रदेश विशेष कार्यक्रम अन्तर्गतको भएको कारण खर्च नभै बाकी रहेको रकम आ.व. को फिर्ता गरिएको कारण बाँकी निर्माण कार्यको भुक्तानी दिन स्रोत सुनिश्चित रहेको छैन । निर्माण व्यवसायीलाइ अग्रिम जमानत रकम पेश गर्नलाइ भुक्तानी दिएको मध्ये बाकी रहेको पेश्कि फर्छ्यौट हुनुपर्दछ ।

७०.२. **पेश्कीको अभिलेखः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(२) मा कार्यालय प्रमुखले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन र अन्य व्यक्ति हकमा सो व्यक्तिको ३ पुस्ते स्थायी र अस्थायी ठेगाना प्रष्ट लेखी पेश्की दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले गत बिगत दिएको पेश्कीबाट यो बर्ष रहेको फछ्र्यौट घटाई बाँकी देखिने स्पष्ट पेश्की खाता राखेको छैन । पेश्की खाताको अभावमा पेश्की अनुगमनमा समस्या देखिएको छ । बिगत देखि लिएको पेश्कीको लगत अद्यावधिक गरी पुराना पेश्कीहरु फछ्यौट गर्नुपर्दछ ।

**आन्तरिक लेखापरिक्षणबाट औल्याएका बेरुजू कायम**

७१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार पालिकाले देहाय वमोजिम आन्तरिक लेखापरीक्षणमा समावेश भएका वेरुजुहरु अन्तिम लेखापरिक्षण सम्म असुल फछ्र्योट गरेको देखिएन । उक्त वेरुजु लेखापरीक्षणको क्रममा एकिन गरी निम्नानुसार कायम गरिएको छ ।

**सामाजिक सुरक्षा कार्यक्रम**

७१.१. **बढी निकासाः** सामाजिक सुरक्षा भत्ता वितरण गर्दा दोहोरो भुक्तानी भएको निम्नानुसारको रकम असुल गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने रु — ७२०००

| वडा नं | किस्ता | क्र.स. | नाम थर | ना.प्र.नं. | दोहोरो हुन गएको रकम | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| १ | दोस्रो | १७९ र १८१ | सोममाया तामाङ | ३९६६–१३३ | १६००० | १६००० |
| १ | प्रथम | ७१ र १६८ | सञ्चमाया तमाङ | १४०४।४१३५ | २४००० | १२००० |
| १ | दोस्रो | ७१ र १७३ | सञ्चमाया तमाङ | १४०४।४१३५ | २४००० | १२००० |
| १ | प्रथम | ५८ र १४६ | मनमाया तामाङ | १३१।४०३४ | २४००० | १२००० |
| १ | दोस्रो | ५८ र १५० | मनमाया तामाङ | १३१।४०३४ | २४००० | १२००० |
| १ | प्रथम | ५९ र १४७ | मरमाया तामाङ | ५८।४१३ | २४००० | १२००० |
| १ | दोस्रो | ५९ र १५१ | मरमाया तामाङ | ५८।४१३ | २४००० | १२००० |
| | | | | | **जम्मा** | **७२०००** |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>७१.२.</td><td>वडा नं ५ प्रथम किस्ता भरपाइमा क्र.स. १६९ मा ना.प्र.नं. १४२८ विमाया कामीलाइ रु १२००० भुक्तानी भएको देखिन्छ । एम.आइ.एस प्रणालीबाट निजको लगत २०७६।६।८ मा कट्टा भएको देखिएकोले आश्विन सम्मको रकम भुक्तानी हुनपर्नेमा कात्तिक महिनाको समेत भुक्तानी भएको देखिएकोले सम्बन्धित रकम बुझ्ने व्यक्तिबाट रु ३००० असुल गरी संघीय बेरुजु खातामा दाखिला गर्नपर्ने रु</td><td>३०००</td></tr>
<tr><td>७१.३.</td><td>वडा नं ५ क्र.स. ३०१ पशुपति नेपालीको जन्म मिती २००३।५।२५ उल्लेख भइ रु १०४०० भुक्तानी भएको देखियो । पहिलो र तेस्रो किस्ताको भुक्तानीमा निजको जन्म मिती सच्याइ २०३३।५।२५ कायम गरी रु ६४०० का दरले भुक्तानी भएकोले दोस्रो किस्तामा बढी भुक्तानी भएको रकम रु ४००० सम्बन्धित व्यक्तिबाट असुल गरी संघीय बेरुजु खातामा दाखिला गर्नुपर्ने रु</td><td>४०००</td></tr>
<tr><td></td><td>राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग कार्यक्रम</td><td></td></tr>
<tr><td>७१.४.</td><td>एम.आइ.एस अपरेटर र फिल्ड अपरेटरलाइ २०७६ मंसिर देखि २०७७ बैशाख महिनासम्मको तलब भुक्तानी गर्दा महंगी भत्ता समेत भुक्तानी गरेको देखियो । करार तर्फका कर्मचारीको हकमा महंगी भत्ता दिने कानूनी व्यवस्था नभएको साथै विभागबाट समेत करार सम्झौता गर्दा सो भत्ता दिने भनि कुनै थप व्यवस्था समेत गरेको देखिएन । तसर्थ निम्नानुसारको महंगी भत्ता बापत भुक्तानी भएको रकम निजहरुबाट असुल गरी संघीय संचित बेरुजु खातामा दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>क्र.स.</th><th>नाम थर</th><th>रकम</th></tr>
<tr><td>१</td><td>नवराज बस्नेत</td><td>१२०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३६०००</td></tr>
</table></td><td>१२०००</td></tr>
<tr><td>७१.५.</td><td>गो.भौ.नं ९ मिती २०७७।३।२४ बाट विभिन्न बिलको भुक्तानी गर्दा एम.आइ.एस अपरेटर सुजन नेपालीले लिएको सोधभर्ना रकम मध्ये रु १७७५० को बिल New Sajilo Computer , baiteshwor 5 Mainapokhari पा.नं.नं ६०९४८२९७५ को रहेको देखिन्छ । बिगु गाउँपालिकाबाट सदरमुकाम चरिकोट हुदै बैतेश्वर गाउँपालिकाको मैनापोखरीमा गइ सामान खरिद गरिनु भौगलिक अवस्थाका आधारमा समेत यथार्थतापरक देखिदैन । उक्त बिलबाट खरिद गरिएको एक थान प्रिन्टरका लागि १९ वटा कार्टेज रिफिल गरिएको भनि रु ६६५० रकम भुक्तानी भएको देखियो । कार्यालयले आवश्यकता र आर्थिक मितव्यियता अपनाइ खरिद गर्नेतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।<br>यस सम्बन्धमा उक्त पसल चरिकोटमानै रहेका पालिकाको भनाइ रहेको छ ।</td><td></td></tr>
<tr><td></td><td>गाउपालिका पुजीगत</td><td></td></tr>
<tr><td>७१.६.</td><td>भुक्तानीमा कर कट्टीः आयकर ऐन,२०५८ को दफा ८८ अनुसार सेवा शुल्कको रकम भुक्तानी गर्दाकै बखत १.५ प्रतिशत अग्रिम कर कटाएर मात्र भुक्तानी गर्नुपर्नेमा देव कुमारी बस्नेत को पे.फमा TDS बुझाउन बाकी रकम रु १०१९ कर कट्टी गरी बैंक दाखिला नगरेकोले उक्त अग्रिम कर बापतको रकम रु १०१९ बैंक दाखिला गर्नुपर्ने रु</td><td>१०१९</td></tr>
<tr><td>७१.७.</td><td>बहाल करः आयकर ऐन, २०५८ को दफा ८८ मा बासिन्दा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले निम्नानुसारको बहाल कर वापतको रकम रु १९०० कर कट्टी गरेकोमा बैंक दाखिला नगरेकोले उक्त रकम बैंक दाखिला गर्नुपर्ने</td><td>१९००</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table>
<tr><th>क स</th><th>गौ भौ नं</th><th>विवरण</th><th>बहाल कर</th></tr>
<tr><td>१</td><td>५६८</td><td>देव कुमारी बस्नेत को पे.फ. मा बहाल कर बुझाउन बाकी</td><td>११००</td></tr>
<tr><td>२</td><td>५६९</td><td>देव कुमारी बस्नेत को पे.फ. मा बहाल कर बुझाउन बाकी</td><td>८००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१९००</td></tr>
</table></td><td></td></tr>
<tr><td>७१.८.</td><td>गो.भौ.नं ८५ मा श्री बुलुङखानी प्रा.वि. मा पहिरो रोकथाम कार्यक्रम गरेबापत श्री तुलसी श्रेष्ठले अन्तिम भुक्तानीमा संचित कोष खातामा ४४०२० दाखिला गर्नुपर्नेमा रु ४०४२० मात्र दाखिला भएको हुदा बाकी रकम रु ३६०० निजबाट असुल गराइ संचित कोषमा दाखिला गर्नुपर्ने रु</td><td>३६००</td></tr>
<tr><td></td><td>संघीय सशर्त — चालु</td><td></td></tr>
<tr><td>७१.९.</td><td>पालिकाले गो.भौ.नं ११० मा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको तलब,महंगी भत्ता, स्थानीय भत्ता, पोशाक लगायत अन्य प्रशासनिक खर्च समेत शीर्षकबाट स्वास्थ्य कार्यालय लाइ १ एफ जेट मोटरसाइकल खरिद गरेको । यसरी विनियोजन नभएको खर्च शीर्षकबाट खरिद गरिनु नियमसंगत नदेखिएको रु</td><td>४२९९००</td></tr>
<tr><td></td><td>संघीय सशर्त चालु - शिक्षा</td><td></td></tr>
<tr><td>७१.१०.</td><td>बढी निकासाः आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले गो.भौ.नं १०४ मार्फत देवलिङ्गेश्वर माध्यमिक विद्यालय बिगु २ बाट सरुवा भइ गएका शिक्षक ओम प्रकाश काफ्ले को नाममा तलब रु ११९१५४ उक्त विद्यालयलाइ निकासा गएकोले उक्त निकासा रकम फिर्ता गरी बैंक दाखिला गर्नुपर्ने रु</td><td>११९१५४</td></tr>
<tr><td>७२.</td><td>अनुगमन तथा सम्परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा रु१०८८२५ को सम्परीक्षण भएको छ जस्को विस्तृत विवरण २०७८।१।३ को प्रारम्भिक प्रतिवेदनमा समावेश गरीएकोछ ।</td><td></td></tr>
<tr><td>७३.</td><td>संपरीक्षणवाट कायम बेरुजुः गाँउपालिकाले आव ०७५।७६ को बेरुजु दफा नं १७.६ को बढी भुक्तानी भएको रकम रु९० हजार स्थानिय संचितकोषमा दाखिला गरेको पाइयो । उक्त रकम संघिय संचितकोषमा फिर्ता दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु..</td><td>९००००</td></tr>
</table>

# विगु गाँउपालिकाको संचितकोषको विवरण

## २०७६।०७७

अनुसुचि १

प्रदेश: बागमती

(रु हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | | आय | | | | जम्मा आय | व्याय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाडफाड | आन्तरीक आय | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १ | विगु गाँउपालिका | दोलखा | ७३७४ | २९९६७० | ६९४७३ | २६५६६ | ० | ३९५७०९ | २१०९७४ | १३५५२० | ६३२१ | ३५२८१५ | ५०२६८ |

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसुचि २

## २०७६।७७

(रु हजारमा)

| सि.नं. | जिल्ला | स्थानिय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाकी बेरुजू | | | बाकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगति | | सैदान्तिक | लगति | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १ | दोलखा | विगु गाँउपालिका | ९९ | ६४ | ७६०४२ | ० | १२ | ४९२८४ | ९९ | ५२ | २६७५८ | २३६८ | १९१०८ | ५२८२ | ० | ० | २४३९० | ० | ० | ० |

## अद्यावधिक वेरुजू स्थिति

अनुसुचि ३

(रु हजारमा)

| क स | स्थानिय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | यो बर्षको फछ्यौट | बाकी | यो बर्ष सम्पबाट कायम बेरुजु | यो बर्षको बेरुजु | कुल बाकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | विगु गाँउपालिका | दोलखा | १०२५९० | १०९ | १०२४८१ | ९० | २६७५८ | १२९२३९ |